म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १५४ मंगलबार, १ माघ २०८१ ने. सं. ११४५ पोहेलागा 14 January 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## शिवम् सिमेन्ट्सका सेयरधनीलाई ९ प्रतिशत लाभांश पारित

हेटौंडा, २९ पुस/शिवम् सिमेन्ट्स लिमिटेडको लाभांश पारित भएको छ । कम्पनीको सोमबार काठमाडौंमा सम्पन्न साधारणसभाबाट गत आव २०८०/८१ का लागि प्रस्तावित लाभांश पारित भएको हो । सभाले गत आवका लागि प्रस्तावित ८.५५ प्रतिशत बोनस सेयर र कर प्रयोजनका लागि ०.४५ प्रतिशत नगद लाभांश गरी कुल ९ प्रतिशत लाभांशको प्रस्ताव अनुमोदन गरेको छ । कम्पनीका सञ्चालक अध्यक्ष गौरव गोयलको अध्यक्षतामा आयोजित सभाले कम्पनी सञ्चालक समितिको निर्णयले वार्षिक साधारणसभासमक्ष पारित गर्न प्रस्तावित वार्षिक प्रगति प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितका विवरणहरु पारित गरेको हो । आगामी आव २०८१/८२ का लागि लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव र बोनससेयर वितरण गरेपश्चात कम्पनीको चुक्तापुँजी र जारीपुँजी बृद्धिभई कम्पनीको जारी तथा चुक्तापुँजी ५ अर्ब ४५ करोड ६८ लाख ८ हजार ५ सय रुपैयाँ कायम गर्ने प्रस्ताव पनि पारित गरेको छ ।

# अमलेखगञ्ज-हेटौंडा-लोथर पाइपलाईनको काम अघि बढ्ने

साझाकुरा संवाददाता

हेटौंडा, २९ पुस/ बाराको अमलेखगञ्जबाट हेटौंडा हुँदै चितवनको लोथरसम्म पेट्रोलियम पाइपलाइन विस्तारको काम छिट्टै अगाडि बढाइने भएको छ । मोतीहारी-अमलेखगञ्ज पाइपलाइनको काम सकिएपछि चितवनको लोथरसम्म पाइपलाइन विस्तार गर्ने लक्ष्यसहित काम अघि बढाउन लागिएको बताइएको छ ।

अमलेखगञ्जबाट हेटौंडा हुँदै चितवनको लोथरसम्म ६९ क्लिोमिटरमा निर्माण हुने पेट्रोलियम पाइपलाइनको काम अगाडि बढाउने विषयमा उच्चस्तरीय प्राविधिक टोलीबाट फिल्ड अध्ययनको काम सकिएर डीपीआर निर्माण भइरहेको नेपाल आयल निगमका प्रवक्ता इञ्जिनियर मनोज ठाकुरले जानकारी दिएका छन् । कुल ६९ किमि पाइपलाइनमध्ये करिब ५० किलोमिटर पाइपलाईन मकवानपुरको क्षेत्रमा राखिने भएको छ ।

पूर्वपश्चिम राजमार्गको छेउमा पाइपलाइन बिस्तार गरिने भएका कारण मुआब्जाको खासै समस्या नहुने निगम स्रोतले जनाएको छ । राजमार्गको केन्द्रबिन्दुबाट दायाँबायाँ २५ मिटर राइट अफ वे भित्रै पाइपलाइनको निर्माण गर्ने तयारीमा निगमले काम गरिरहेको बताएको छ । हेटौंडा बजार क्षेत्रमा बाइपास गर्ने वा राजमार्गबाटै लैजाने भन्ने विषयमा छलफल भइरहेको बताइएको छ । यसअघि केपी ओली प्रधानमन्त्री भएको समयमा अमलेखगंजदेखि हेटौंडा हुँदै लोथर सम्म प्रत्येक ५ किलोमिटरमा 'पेट्रोलियम पाइपलाइन सर्भे कार्य हुँदैछ' भन्ने सन्देशसहितको ठूलाठूला होर्डिङबोर्ड लगाइएको थियो । तर, काम भने सुरु हुन सकेको थिएन ।

'नेपाल र भारत दुवै देशका उच्चस्तरीय प्राविधिकटोलीबाट अध्ययनको काम भइसकेको छ,' प्रवक्ता ठाकुरले भने, 'प्राबिधिक टोलीले अध्ययन गरेर अहिले डीपीआर तयार गरिरहेको छ ।' पूर्वपश्चिम राजमार्गको छेउबाट निर्माण गर्न लागिएको पाइपलाइन विस्तारले निगमको ढुवानी लागतमा निकै कटौती हुने बताइएको छ । लोथरमा १ लाख लिटर पेट्रोलियम पदार्थ भण्डारण गर्ने गरी काम अघि बढ्ने प्रवक्ता ठाकुरको भनाइ छ । अमलेखगञ्जबाट लोथरसम्म पेट्रोलियम पाइपलाइन विस्तार भई सञ्चालमा आएपछि पश्चिमी र उत्तरी नेपालमा पेट्रोलियमपदार्थको अभाव नहुने निगमले विश्वास लिएको छ ।

यसैगरी मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन विस्तारको काम सकिएसँगै पाइपलाइनबाटै पेट्रोलियमपदार्थको आयात गर्न परीक्षण भइरहेको छ । मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन विस्तारको सम्पूर्ण काम सकिएको र तत्काल परीक्षणका लागि पाइपलाइनबाटै पेट्रोल र मट्टितेल ल्याइएको निगमको मधेश प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख प्रलयंकर आचार्यले जानकारी दिए ।

'पाइपलाइन परीक्षण गर्न तत्कालका लागि विस्तार गरिएको पाइपलाइनबाटै पेट्रोल ५ हजार ५०० किलोलिटर र १ हजार किलोलिटर मट्टितेल ल्याएर परीक्षण गरेका छौं,' आचार्यले भने, 'पाइपलाइनबाट ल्याइएको पेट्रोलियमपदार्थको परीक्षण भइरहेको छ ।' त्योसँगै पाइप लाइनबाटै पेट्रोलियमपदार्थको नियमित आयात गर्न आवश्यक तयारी भइरहेको आचार्यको भनाइ छ ।

नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्तरुपमा पाइपलाइनको उद्घाटन गर्ने, भाबि दिनमा कसरी नियमित आयात सुचारु गर्ने भन्ने विषयमा छलफल भइरहेको आचार्यले जानकारी दिएका छन् । उनले २०२५ को जनवरीदेखि पाइपलाइनबाटै पेट्रोलियमपदार्थको नियमित आयात गर्ने भनिए पनि आवश्यक तयारी पूरा नभएकाले केही दिन ढिला हुने सम्भावना रहेको बताएका छन् ।

# जनताको स्वास्थ्यप्रति गम्भीर छौं: मेयर लामा

साझाकुरा संवाददाता



हेटौंडा, २९ पुस/ हेटौंडा उपमहानगरपालिकाका मेयर मिनाकुमारी लामाले नगरका जनताको स्वास्थ्यप्रति आफूहरु गम्भीर भएर लागिरहेको बताएकी छन् ।

हेटौंडा-१ को जरुवाटोलमा नवनिर्मित नकौली शहरी स्वास्थ्य केन्द्रको भवन सोमबार उद्घाटन गर्दै मेयर लामाले जनतालाई स्वास्थ्य सेवा सहज बनाउन आफ्नै भवन निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइएको बताइन् । 'हेटौंडाको १९ वटा वडामा २२ वटा स्वास्थ्य केन्द्र बनाएर सेवा दिइरहेका छौं', मेयर लामाले वडा नं. १, १५ र १९ नम्बर वडामा दुई/दुई वटा स्वास्थ्य केन्द्र बनाएर सेवा प्रवाह गरिरहेको बताइन् ।

'साविक गाविस मिलेर बनेका वडाहरुमा टाढाबाट सेवाग्राहीहरु आउन समस्या हुने भएकाले हामीले वडा नं. १ को नाकौली-बाँझोडाँडा, १५ को चिप्लेटी र १९ को ज्यामिरेमा थप केन्द्र भवन बनाएरै सेवा प्रवाह गरि रहेकाछौं', मेयर लामाले ती केन्द्रहरुमा दैनिक सयौं सेवाग्राहीले सेवा लिइरहेको बताइन् ।

वडा नं. १ का अध्यक्ष सविन न्यौपानेको सभाध्यक्षतामा भएको कार्यक्रममा नगर उपप्रमुख राजेश बानियाँले आफूहरु नगरमा निर्वाचित भएपछिमात्रै चारवटा स्वास्थ्य केन्द्रको नयाँ भवन निर्माण सम्पन्न भएको बताए । 'जहाँ जनता, त्यहाँ सेवा' भन्ने भावनाका साथ आफूहरु स्वास्थ्य क्षेत्रमा गम्भीर भएर काम गरिरहेको उनले बताए ।

हेटौंडा उपमहानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमले नयाँ व्यवस्थासंगै जनताको घरदैलोमा सेवा पुऱ्याउन स्थानीय सरकारले गरेको कामको खुलेर प्रशंसा गरे । उनले केन्द्रमा खटिने कर्मचारीहरुलाई जनतामाझ मुस्कानसहित सेवा प्रवाह गर्न निर्देशन दिए ।

स्वास्थ्य केन्द्रबाट स-साना घाउचोटको उपचार, नेपाल सरकार बाट वितरण हुने नि:शुल्क औषधी सेवा, गर्भवती परीक्षण, परिवार नियोजनका अस्थायी साधन वितरण, खोप सेवा तथा सरकारले चलाएको विशेष स्वास्थ्य अभियान सञ्चालन हुने स्वास्थ्य व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका वडा अध्यक्ष सविन न्यौपानेले जानकारी दिए ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका प्रशासन महाशाखा प्रमुख गोपालप्रसाद पोखरेल, स्वास्थ्य शाखा प्रमुख सूर्यप्रसाद तिवारी, १ नं. वडा सचिव शान्तादेवी लौडारीलगायतले स्वास्थ्य क्षेत्रमा उपमहानगरपालिकाले प्रवाह गरिरहेको सेवाको बारेमा जानकारी गराएका थिए ।

# बिरामी रेफर गर्ने निर्देशिका जारी

साझाकुरा संवाददाता

हेटौंडा, २९ पुस/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बिरामी प्रेषण राष्ट्रिय निर्देशिका जारी गरेको छ । स्वास्थ्य संस्थामा आउने बिरामीको सोही संस्थामा उपचार सम्भव हुन नसक्ने अवस्थामा थप उपचारका लागि तुरुतै अर्को स्वास्थ्य संस्थामा पठाइ उपचारको व्यवस्था मिलाउनुपर्ने निर्देशिकामा उल्लेख गरिएको छ ।

आफ्नो संस्थाको संरचना, उपकरण, विशेषज्ञसेवा नभएको वा अन्य उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्थामा संस्थामा उपलब्ध हुने सेवाप्रदान गरी थपउपचारका लागि अन्य अस्पतालमा प्रेषण गर्नुपर्ने छ । आकस्मिक कक्षमा रहेका तथा भर्ना भएका बिरामीको हकमा भने सोही स्वास्थ्य संस्थालाई जिम्मेवार बनाउने गरी अर्कोमा भर्ना नभएसम्मको अवस्थामा समन्वय चुस्त बनाउनुपर्ने निर्देशिकामा भनिएको छ । स्वास्थ्य संस्थाले आफ्नो तहअनुसार प्रदान गर्नुपर्ने सेवाको उपलब्धता हुँदाहुँदै बिरामीलाई अर्को संस्थामा प्रेषण गर्न नहुने र स्वास्थ्यसंस्थाले सेवा उपलब्ध नहुँदा मात्रै सबैभन्दा नजिकै र पायक पर्ने वा माथिल्लो तहको अस्पतालमा बिरामी प्रेषण गर्न सक्ने निर्देशिकामा उल्लेख छ ।

मन्त्रालयका प्रवक्ता प्रकाश बुढाथोकीले विभिन्न किसिमका बिरामी प्रेषणका लागि मापदण्ड भएपनि समग्र अस्पतालको प्रेषण प्रणालीलाई समेट्ने गरी मन्त्रालयले एकीकृत निर्देशिका जारी गरेको जानकारी दिए । निर्देशिकाले आकस्मिक तथा भर्ना भएका बिरामीको उपचार सम्भव नभएमा अर्को अस्पतालमा नपुऱ्याउँदा सम्मको जिम्मेवारी प्रथम अस्पतालको हुने निश्चित गरेको छ ।

प्रथमबिन्दुको स्वास्थ्य संस्थाले बिरामीलाई प्रेषण गर्नुपूर्व सम्बन्धित अस्पतालमा सम्पर्क गरी त्यहाँ उपचार, शैया तथा आवश्यक सेवा भए/नभएको सुनिश्चित गर्दै समन्वय गर्नुपर्नेछ । निर्देशिकामा प्रत्येक अस्पताल, स्थानीय तह, प्रदेश र राष्ट्रियस्तरमा सोसम्बन्धी एकाइ अनिवार्य हुनेगरी व्यवस्था मिलाइएको छ । निर्देशिकामा बिरामीबारे आवश्यक जानकारी साझा हुने भएकाले परीक्षण दोहोऱ्याउनु नपर्ने गरी थप जाँचहुने व्यवस्था गरिएको छ ।

सरकारी अस्पतालमा बिरामीको चाप कम गर्नका लागि आवश्यकताका आधारमा मात्र बिरामी प्रेषण गर्ने गरी निर्देशिका जारी भएको हो । निर्देशिकाले बिरामीलाई आफू उपचार गर्न जाने ठाउँबारे जानकारी लिन पाउनेबारे पूर्ण अधिकार दिएको छ भने उपचार सम्भव भएसम्म अस्पतालका तर्फबाट प्रेषण गर्ने विषयलाई पनि नियन्त्रण गर्न खोजेको बताइएको छ ।

स्थानीय तह, प्रदेश र संघीय तहमा व्यवस्था गरिएका प्रेषण इकाइले ती ठाउँको स्वास्थ्यसेवाको गुणस्तर र प्रेषण सम्बन्धमा स्वास्थ्यसंस्थालाई निर्देशन दिने मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीले जानकारी दिए । स्वास्थ्यसेवा विभागको उपचारात्मक सेवा महाशाखाले प्रेषण कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन गर्नेछ । प्रदेशमा स्वास्थ्य मन्त्रालय वा स्वास्थ्यसँग सम्बन्धित मन्त्रालयको समन्वयमा काम गर्ने गरी प्रादेशिक स्वास्थ्य निर्देशनालयले सम्पर्क तथा समन्वय गर्ने व्यवस्था गरिएको छ । स्थानीय तहमा सम्पर्क तथा समन्वय सम्बन्धित स्वास्थ्यविभाग, महाशाखा वा शाखाले गर्नेछ ।

# मउवासंघका निर्वाचित पदाधिकारीको सपथग्रहण



साझाकुरा संवाददाता

हेटौंडा, २९ पुस/ मकवानपुर उद्योग वाणिज्य संघको नवनिर्वाचित अध्यक्ष प्रमोदसिं रानाभाटसहित कार्यसमितिले सोमबार पद तथा गोपनीयताको सपथ लिएको छ । निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता ईश्वरराज ढकालले नवनिर्वाचित कार्यसमितिलाई पद तथा गोपनीयताको सपथ गराएका हुन् ।

समितिका अध्यक्ष रानाभाटसहित उपाध्यक्ष दीपक उप्रेती, उज्ज्वल चौलागाईं, राजु अधिकारी र काव्यमणि अधिकारी, महासचिव प्रतिमा श्रेष्ठ, कोषाध्यक्ष तेजराज अधिकारी, सहकोषाध्यक्ष निलम वैद्य, सचिवहरु रुपकराज दाहाल, माधव ज्ञवाली, कुलप्रसाद चौलागाईं, राजाराम कार्की र नेत्रप्रसाद खतिवडाले सपथ लिएका हुन् ।

संघको सदस्य जगदीश दाहाल, कृष्णगोपाल महर्जन, भुपेन्द्रप्रसाद अधिकारी, शम्भु पुडासैनी, सन्तोष घिमिरे, राजेन्द्र लामिछाने, सीतादेवी भेटवाल, निलम बजगाई, बालकृष्ण बजगाई, विष्णुप्रसाद दाहाल, शंकरप्रसाद कालाखेती, सुकृतराज पराजुली, विक्रमकुमार सञ्जेल, निलम पाण्डे, अंकिता सुमार्गी, नवराज खतिवडालगायतले सपथ लिएका छन् ।

सपथग्रहण कार्यक्रममा संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले नवनिर्वाचित अध्यक्ष प्रमोदसिं रानाभाटलाई टिका माला लगाएर पद हस्तान्तरण गरेका थिए । कार्यक्रममा संघका पूर्वअध्यक्षहरु अरुणराज सुमार्गी, जीवनकाजी माकाजु, हिटलर बिषेट, केशवलाल श्रेष्ठ, उत्तम शर्माढकाल, माधव रिसाल, नेपाल उद्योग वाणिज्य महासंघका सदस्य तथा संघका पूर्वअध्यक्ष कृष्ण कटुवाललगायतको उपस्थिति रहेको थियो ।

# बालजागृतिमा शैक्षिक प्रदर्शनी, सांस्कृतिक कार्यक्रम जारी

साझाकुरा संवाददाता

हेटौंडा, २९ पुस/हेटौंडा उपमहानगरपालिका-२ स्थित बालजागृति ईङ्गलिस सेकेन्डरी स्कूलले आइतबारदेखि सांस्कृतिक, शैक्षिक प्रदर्शनी सुरु भएको छ । तहगत विद्यार्थीको प्रस्तुती रहने कार्यक्रम आगामी माघ ४ गतेसम्म जारी रहने विद्यालयले जनाएको छ ।

विद्यालय सञ्चालक समितिका अध्यक्ष दिनेशप्रसाद भण्डारीको सभाअध्यक्षता तथा हेटौंडा उपमहानगरपालिका २ नम्बर वडा कार्यालयका वडाअध्यक्ष विष्णुगोपाल महर्जनको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा बालबालिकाले विभिन्न सांस्कृतिक तथा शैक्षिक प्रस्तुति गरेका थिए । कार्यक्रममा उत्कृष्ट विद्यार्थीलाई सम्मानसहित पुरस्कार प्रदान गरिएको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भण्डारीले विद्यालयलाई नमूना विद्यालयको रुपमा देशभर चिनाउने प्रतिबद्धता व्यक्त गरेका थिए । कार्यक्रमले विद्यार्थीको प्रतिभा प्रोत्साहन गर्दै शैक्षिक र सांस्कृतिक गतिविधिमा स्कुललाई अग्रणी बनाउने उद्देश्य हासिल गरेको व्यवस्थापन समिति अध्यक्ष भन्डारीले बताए ।

कार्यक्रममा प्रमुखअतिथि महर्जन, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण तिमिल्सिना, प्रबन्धनिर्देशक मोहनप्रसाद शर्मा, वडासदस्य सुजन बर्तौला, ईन्द्रप्रसाद रिजाल, माया परियार, प्रधानाध्यापक विनोद सुवेदी र सहायक प्रधानाध्यापक अमूल श्रेष्ठको आतिथ्यता रहेको थियो ।

# हेटौंडा-काठमाडौं छोटो दुरीको सडकमा चारवटा पक्की पुल संचालनमा

साझाकुरा संवाददाता



हेटौंडा, २९ पुस/ मकवानपुर हुँदै काठमाडौं जोड्ने छोटो दुरीको हेटौंडा-भैंसे-भीमफेदी-कुलेखानी-फाखेल-फर्पिङ सडकखण्डमा चारवटा पक्की पुल निर्माण सम्पन्न भएका छन् । बागमती प्रदेश सरकारको गौरवको योजना अन्तर्गत जीर्ण फलामे पुललाई प्रतिस्थापन गर्दै नवनिर्मित पक्की पुलले आवागमन सहज बनाएको हो ।

निर्माण सम्पन्न पुलमा भीमफेदी गाउँपालिका-६ स्थित मान्डुखोला पुल ५५ मिटर लम्बाइ रहेको छ । १२ करोड ३० लाख ४० हजार रुपैयाँ लागतमा बनेको यो पुल संचालनमा आएको छ । २५ मिटर लम्बाइको निबुवाटार पुल ३ करोड १३ लाख ५७ हजार रुपैयाँ लागतमा निर्माण सम्पन्न भएको छ । त्यतै तानसेन पुल ४० मिटर लम्बाइ रहेको र यो पुल ८ करोड ९१ लाख १३ हजार रुपैयाँ लागतमा बनेको हो । ३० मिटर लम्बाइको ढोकाफेदी पुल ३ करोड १४ लाख रुपैयाँ लागतमा बनेको हो । सबै पुल फुटपाथसहित दोहोरो लेनका छन् ।

भीमफेदी-कुलेखानी सडकखण्डमा सात वटा पक्की पुल निर्माण योजनामध्ये २६ मिटर लम्बाइ रहेको गोल्पिङ पुल अन्तिम चरणमा पुगेको छ । चिसापानी पुल चालु आर्थिक वर्ष २०८१/८२ को बजेटमा परेको छ । महालक्ष्मी खोलामा १५ मिटर लम्बाइको नयाँ पुल ४ करोड २० लाख रुपैयाँको लागतमा निर्माणाधीन छ । निर्देशनालयका निर्देशक पुष्करप्रसाद पोखरेलका अनुसार यी पुलले हेटौंडा-काठमाडौं छोटो दुरीको सडकमा यात्रा थप सुरक्षित र सहज बनाउनेछ । 'पुराना फलामे पुलको स्थानमा नयाँ पक्की पुल निर्माणले सडकको स्तरोन्नतिमा ठूलो योगदान पुग्नेछ,' उनले भने ।

# लागूऔषध गाँजा ओसारपसार गर्ने दुईजना प्रहरी नियन्त्रणमा

साझाकुरा संवाददाता

हेटौंडा, २९ पुस/ मकवानपुरको पूर्व-पश्चिम सडकखण्ड अन्तरगत हेटौंडा उपमहानगर पालिका-१९ नेवारपानीबाट अवैध लागूऔषध गाँजासहित प्रहरीले दुईजना पक्राउ गरेको छ ।

आज सोमबार बिहान लागूऔषध गाँजा १५ किलो ७ सय ग्रामसहित दुईजना पक्राउ परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायवउपरीक्षक श्यामु अर्यालका अनुसार पक्राउ पर्नेमा मनहरी गाउँपालिका-३ सिद्दकाली बस्ने ४० वर्षीय बाबु बल भन्ने नक्कलबहादुर बल र हेटौंडा-११ थानाभऱ्याङ बस्ने वर्ष २९ का आषिश भन्ने सन्तोष गुरुङ रहेका छन् ।

उनीहरुलाई इलाका प्रहरी कार्यालय नेवारपानीबाट खटिएको प्रहरीले पक्राउ गरेको प्रहरीप्रवक्ता अर्यालले बताए । नारायणगढबाट बारातर्फ जाँदै गरेको ना ५ ख ५१२९ नम्बरको बसमा सवार उनीहरुलाई गाँजासहित पक्राउ गरिएको हो । उनीहरुमाथि प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रकृया अगाडि बढाएको बताइएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# पुनर्निर्माणमा एक खर्ब लाग्ने

भूकम्प, बाढीपहिरोजस्ता प्राकृतिक विपदबाट क्षति पुगेका विभिन्न संरचनाको पुनर्निर्माण गर्न करिब एक खर्ब एक अर्ब लागत लाग्ने अनुमान गरिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (एनडिआरआरएमए)ले विपद्पश्चातको पुनर्निर्माण तथा पुन:स्थापना योजना स्वीकृत भएको र तत्कालै लाभग्राहीसँग सम्झौता प्रक्रिया अघि बढ्ने जानकारी दिएको छ । विपद् राष्ट्रिय परिषद्को १६ औं बैठकले यो योजना स्वीकृत गरेको हो । बैठकले योजना कार्यान्वयनका लागि स्रोत व्यवस्थापन गर्न अर्थ मन्त्रालय, सम्बन्धित मन्त्रालय, प्रदेश र स्थानीय तहलाई आग्रह गर्ने तथा मन्त्रालयले सम्बन्धित निकायलाई निकासा दिने प्रबन्ध मिलाउन निर्देशन दिने निर्णय गरेको छ । प्राधिकरणले आगामी माघ २ गतेदेखि लाभग्राहीसँग सम्झौता हुने जानकारी दिएको छ । बिपद्बाट देशभर एक लाख २० हजार सात सय ३२ संरचनामा क्षति पुगेको थियो । त्यसमध्ये सडक पुल तथा यातायात क्षेत्रको क्षति तीन सय ८१ रहेको छ । यी संरचना पुनर्निर्माण गर्न २८ अर्ब १६ करोड लागत अनुमान छ ।

आवश्यक लागत तीन आर्थिक वर्षसम्म जुटाउने र आयोजना सुधार तथा पुनर्निर्माण सम्पन्न गर्ने सरकारको लक्ष्य हो । प्राधिकरणका अनुसार एक सय ७६ सरकारी भवन तथा सहरी पूर्वाधारमा क्षति पुगेको थियो । ती पूर्वाधार पुनर्निर्माणका लागि करिब दुई अर्ब ३१ करोड लागत अनुमान गरिएको छ । जसमध्ये आव २०८१/८२ मा ६९ करोड २८ लाख, २०८२/८३ मा ९२ करोड ४२ लाख र २०८३/८४ मा ६९ करोड ३१ लाख खर्च गर्ने लक्ष्य छ । यसैगरी विद्युत्, वैकल्पिक ऊर्जा र सिँचाईक्षेत्रमा १७ अर्ब ३५ करोड लागत अनुमान गरिएको छ । यसक्षेत्रका दुई हजार एकसय १९ आयोजनामा क्षति पुगेको थियो । यसैगरी एकलाख १५ हजार पाँचसय ५८ निजीआवासमा क्षति पुगेको छ । निजीआवास पुनर्निर्माण गर्न करिब ४० अर्ब लागत अनुमान गरिएको छ । विपदबाट एक हजार पाँच सय ६२ शैक्षिक संस्थामा क्षति पुगेको र लागत पाँच अर्ब ९३ करोड लाग्ने अनुमान गरिएको छ । ९० स्वास्थ्य संस्थामा क्षति पुगेको र पुनर्निर्माण गर्न ७० करोड ७९ लाख लाग्ने अनुमान गरिएको छ । खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी आठ सय १३ आयोजनामा क्षति पुगेकामा पुनर्निर्माण तथा सुधारमा ६ अर्ब ४८ करोड लाग्ने अनुमान छ । ३३ पुरातात्विक संरचनामा क्षति पुगेको र ती पुरातात्विक संरचना पुनर्निर्माण गर्न दुई अर्ब ४९ करोड लागत अनुमान गरिएको छ । यी सबै संरचना निर्माण गर्न आवश्यक एक खर्ब एक अर्ब लागतमध्ये, आव २०८१/८२ मा ३० अर्ब ५७ करोड, २०८२/८३ मा ४० अर्ब ४० करोड र २०८३/८४ मा ३० अर्ब १५ करोड खर्च हुने अनुमान गरिएको छ ।

प्राधिकरणका अनुसार मनसुनजन्य विपदमा मात्रै ४६ अर्ब ६८ करोड बराबरको क्षति भएको थियो । आवश्यक लागत व्यवस्थापनमा चुनौती रहेकाले तीनै तहको सरकारबीच समन्वय जरुरी रहेको बताइएको छ । पश्चिम नेपालमा भूकम्पले क्षति पुऱ्याएका निजी आवासको संख्या ९५ हजार सात सय ८७ रहेको छ । मनसुनजन्य विपदबाट प्रभावित निजी आवासको संख्या १९ हजार सात सय ७१ रहेको छ । २०७२ को आमबिनाशकारी भुकम्पले क्षति पुऱ्याएका निजी आवास निर्माणकार्य अझै सकिएको छैन । समयमा सरकारले निकासा गर्न नसकेको खण्डमा मेलम्ची आयोजना वा निजगढ-काठमाडौं फास्टट्र्याक जस्तै हुने सम्भावना पनि छ । सरकारले समयमै गर्नुपर्ने निकासाको काम गर्नेमा आशंका गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ २ गते बुधबार १५ जनवरी २०२५ । द्वितीया, माघ कृष्णपक्ष । पोहेलागा ११४५ ने.सं. । सूर्योदय ६:५८, सूर्यास्त ५:२९ । भूकम्प सुरक्षा दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अनावश्यक झंझट बृद्धि | **तुला** | : मित्रबर्गबाट धोका |
| **वृष** | : आरोप प्रत्यारोपको सामना | **वृश्चिक** | : सम्पत्ति सम्बन्धी विवाद |
| **मिथुन** | : ऋृण नाश | **धनु** | : न्यायिक कार्यमा सफलता |
| **कर्कट** | : खर्च वृद्धि | **मकर** | : कार्यगत उतारचढाव |
| **सिंह** | : आफन्तबाट चिन्ता | **कुम्भ** | : आर्थिक सिद्धि |
| **कन्या** | : इष्ट सिद्धि | **मीन** | : कार्य सिद्धिमा विलम्ब |

# नेपाल र अमेरिकामा सहकारी : समान सिद्धान्त, विपरीत अभ्यास



डा. रूप खड्का

मुलुक अहिले सहकारीमय भएको छ । खासगरी केही बचत तथा ऋण सहकारीका बचतमारा सञ्चालकहरूले सहकारीको ठूलो रकम हिनामिना गरेका खबरहरू टेलिभिजन, रेडियो, पत्रपत्रिका, संचारकर्मी, सामाजिक सञ्जाल आदिमा दिनहुँ जस्तो पढ्न र सुन्न पाइन्छन् । र, यो मुलुकको कुना-कुनासम्मका सर्वसाधारण समेतको चासोको विषय भएको छ ।

सिद्धान्तत: बचत तथा ऋण सहकारी संस्थाहरू वित्तीय सहकारी संस्था हुन्, जुन यसका सदस्यहरूको स्वामित्व र नियन्त्रणमा एक सदस्य एक मतको आधारमा प्रजातान्त्रिक हिसाबले सञ्चालित हुन्छन् । तिनीहरू सदस्यहरूसँग भएको स-सानो बचत जम्मा गरेर कुनै सदस्यलाई आवश्यक भएको बेला सहुलियत दरमा ऋण प्रवाह गर्दछन् । वित्तीय सहकारीको मूल उद्देश्य सामाजिक हो र तिनीहरू नाफा कमाउने भन्दा पनि सामान्यतया विपन्न तथा सीमान्तकृत समूहका सदस्यको बचत तथा ऋण सम्बन्धी आवश्यकता पूर्ति गरी तिनीहरूको जीवनस्तर सुधार्नु हो ।

तर सरकारीको मर्म विपरित नेपालमा केही सहकारीका लोभी-पापी सञ्चालकहरूले सहकारीको मूल्य, मान्यता र सिद्धान्तलाई पूर्ण रूपमा कुल्चेर सहकारीको ठूलै दुरुपयोग गरेका एकपछि अर्को घटनाहरू सतहमा आइरहेका छन् । सर्वसाधारणले सहकारीमा जम्मा गरेको रकम व्यक्तिगत फाइदाको लागि प्रयोग गरेको, व्यक्तिगत सम्पत्ति जोडेको मात्रै होइन, कानून विपरीत निजी कम्पनी, हाउजिङ, शेयर तथा मिडियामा लगानी गरेका घटनाहरू पनि प्रशस्त छन् । विना कागजात वा सामान्य प्रक्रिया पूरा नगरेर रकम चलाएको, विना धितो ऋण दिएको, गैर सदस्य तथा कार्य क्षेत्र बाहिरका व्यक्तिलाई ऋण दिएको, नक्कली व्यक्तिको नाममा फर्जी ऋण खडा गरेको तथा गैर कानूनी किसिमले सहकारीको रकम विदेश लगेका उदाहरण पनि प्रशस्त देखिन्छन् । सहकारीलाई दुरुपयोग गर्ने उद्देश्यले विभिन्न स्थानमा विभिन्न सहकारी स्थापना गरेका, एकभन्दा बढी सहकारीमा सञ्चालक भएका, सहकारीमा पारिवारिक एकाधिपत्य जमाएका, नक्कली सेयर सदस्य खडा गरेको र सहकारीमा एकल निर्णय गर्ने गरेको जस्ता उदाहरण पनि प्रशस्त छन्, ती सबै सहकारीका सिद्धान्त विपरीतका काम हुन् ।

सहकारीका लुटेराहरूबाट भएको यस किसिमको खराब अभ्यासबाट 'सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धी विशेष छानबिन प्रतिवेदन २०८१' ले आफूले अध्ययन गरेका सहकारी संस्थाहरूमा रु.८८ अर्ब अपचलन भएको निष्कर्ष निकालेको छ । सर्वाङ्गीण रूपमा समस्याग्रस्त झण्डै ५०० जति सहकारीका १४ लाखभन्दा बढी सदस्यहरूको अढाइ खर्ब भन्दा बढी बचत संकटमा परेको अनुमान गरेको छ ।

यसमा लाखौं निमुखा जनताले रगत र पसिना बगाएर कमाएको रकम पनि समावेश छ । कतिपय विपन्न वर्गले गाँस काटेर सहकारीमा जम्मा गरेको रकम आवश्यक भएको बेला झिक्न नपाएपछि औषधोपचार गर्न नपाएको, तनावले गर्दा स्वास्थ्य बिग्रेको, मनस्थिति बिग्रेको, आत्महत्या गरेको, छोराछारीको पढाइलाई निरन्तरता दिन नसकेको र घरबार सकिएको जस्ता दर्दनाक घटनाहरू घटेका छन् । सहकारी पीडितहरू आन्दोलित छन् ।

अर्कोतर्फ सहकारीमा जम्मा गरेको बचतको दुरुपयोग भएकोले जाहेरी दिनेको संख्या बढ्दो छ । सहकारीको बचत हिनामिना गर्नेहरू विरुद्ध १६०० भन्दा बढी मुद्दा चलाइएका छन् । कति प्रहरीको हिरासतमा रहेका, कति धरौटीमा छुटेका, कति तारिख खेपिरहेका, कति फरार भएका, कतिले देशै छोडेका छन् । कतिलाई विदेशबाट फिर्ता ल्याउन प्रहरीले अन्तर्राष्ट्रिय अपराधी प्रहरी संगठन (इन्टरपोल) मा रेड नोटिस जारी गरिएका छन्, कति कारागारमा छन् । खासगरी समाजका आर्थिक तथा सामाजिक हिसाबले पिछडिएका कमजोर वर्गले रगत र पसिना बगाएर कमाएको आयबाट स-सानो र कम बचाई सहकारीमा जम्मा गरेको रकम हिनामिना गर्ने अपराधीहरूलाई हदैसम्मको कारबाही गर्नुपर्छ । तिनीहरू र तिनीहरूको परिवारको नाममा रहेको चल-अचल सम्पत्ति कब्जा तथा लिलाम गरेर निश्चित रकम (जस्तै रु.५ लाख) सम्मको सहकारी पीडितको बचत रकम तुरुन्त फिर्ता गर्ने कार्यलाई प्राथमिकता साथ कार्यान्वयन गर्नुपर्दछ । विभिन्न नीतिगत, कानूनी, प्रक्रियागत तथा संस्थागत सुधार गरेर सहकारीलाई स्वस्थ, सुरक्षित र संरक्षित बनाइनुपर्दछ ।

यसका साथै हाल सहकारीको दुरुपयोग सम्बन्धी विभिन्न दुर्घटनाले गर्दा सहकारी प्रति सिर्जना हुँदै गएको नकारात्मक धारणालाई परिवर्तन गर्नु जरूरी छ । सहकारी सम्बन्धी खराब अभ्यासहरूले सिंगो सहकारीको प्रतिनिधित्व गर्दैनन् । यी घटनाहरू झण्डै ३१ हजार सहकारी संस्थाहरूमध्ये करीब ५०० सहकारीसँग सम्बन्धित घटनाहरू हुन् । स्थानीय साधनको स्थानीय तहमा प्रयोग गरेर स्थानीय विकास गर्न, ग्रामीण क्षेत्रको विकास गर्न, गरिबी निवारण गर्न, रोजगारी सिर्जना गर्न, उत्पादन र उत्पादकत्व बढाउन, वातावरण अनुकूलका क्रियाकलाप बढाउन तथा दिगो विकास गर्न सहकारी कोसेढुंगा सावित हुने मान्यता अन्तर्राष्ट्रिय जगतमा बढ्दै गएको छ ।

हाल विश्वका के ठूला के साना, के धनी के गरिब, के पूँजीवादी के समाजवादी, के धनी के गरिब सबै मुलुकमा सहकारीको भूमिका बढ्दै गएको छ । मुलुकभित्र तथा बाहिर कतिपय सहकारी संस्थाहरूले सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त अनुसारका क्रियाकलाप सञ्चालन गरेर सहकारीका सदस्यको जीवनस्तर सुधार्नुका साथै समुदायमा सकारात्मक प्रभाव पार्दै आएका छन् । सहकारी सम्बन्धी त्यस्ता सफल कहानीहरूको प्रचारप्रसार गरेर मुलुकमा सहकारी सम्बन्धी नकारात्मक नभई सकारात्मक समाचारले छाउने वातावरण सिर्जना गर्नुपर्दछ । यस सन्दर्भमा यस लेखमा संयुक्त राज्य अमेरिकामा सहकारी सम्बन्धी केही सफल उदाहरणहरू प्रस्तुत गरिनेछन् ।

**संयुक्त राज्य अमेरिकामा सहकारीको स्थिति**

संयुक्त राज्य अमेरिकामा विभिन्न क्षेत्रमा करीब ३० हजार सहकारी संस्थाहरू सञ्चालित छन् । त्यसमध्ये अधिकांश उपभोक्ता सहकारी छन् । हरेक ३ अमेरिकनमा एक जना सहकारीसँग सम्बन्धित छन् । सहकारीले हरेक वर्ष २० लाख रोजगारी प्रदान गर्दछ र सहकारी मार्फत अमेरिकी डलर ६ खर्बभन्दा बढीको वार्षिक कारोबार हुन्छ । यसैगरी ७ हजार ५०० क्रेडिट युनियनहरू (वित्तीय सहकारी) ले ९ करोड २० लाख अमेरिकनलाई वित्तीय सेवा पुऱ्याइरहेका छन् । २३ करोड मानिसहरू सहकारी तथा सम्बद्ध बीमा कम्पनीबाट सेवा पाइरहेका छन् । ९०० ग्रामीण विद्युत् सहकारीले ४ करोड २० लाख ग्रामीण जनतालाई विद्युत् सेवा आपूर्ति गरिरहेका छन् । २६० टेलिफोन सहकारीले ग्रामीण क्षेत्रका १ लाख २० हजार अमेरिकनलाई टेलिफोन सेवा उपलब्ध गराइरहेका छन् । ५० हजार अमेरिकी परिवार तिनीहरूको बच्चाको हेरचाहका लागि सहकारीको डे-केयर र पूर्व-विद्यालय सेवामा निर्भर छन् । कुल दूधको बिक्री वितरणमध्ये ७५ प्रतिशतभन्दा बढी सहकारी मार्फत हुने गरेको छ । यसबाट अमेरिकी अर्थतन्त्रमा सहकारीको भूमिका स्पष्ट हुन्छ । संयुक्त राज्य अमेरिकामा सहकारीको विकासमा अग्रगामी भूमिका खेल्ने म्यासाचुसेट्स राज्यमा सञ्चालित वित्तीय सहकारी, उपभोक्ता सहकारी र श्रमिक सहकारी गरी तीन सहकारीको संक्षिप्त स्थिति उदाहरण स्वरुप तल प्रस्तुत गरिएको छ ।

**(क) हार्वर्ड संघीय क्रेडिट संघ- वित्तीय सहकारी**

क्रेडिट युनियनहरू वित्तीय सहकारी संस्था हुन् जसले आफ्ना सदस्यहरूको बचत तथा ऋण सम्बन्धी आवश्यकता पूरा गर्दछन् । तिनीहरूले अन्य बैंक तथा वित्तीय संस्थाहरूको तुलनामा निक्षेपमा बढी व्याज दिएर, ऋणमा न्यून व्याज लिएर र वित्तीय सेवाहरू नि:शुल्क वा न्यून शुल्क लिएर सदस्यहरूलाई लाभ पुऱ्याउँदछन् । क्रेडिट युनियनको मूल उद्देश्य सामाजिक भएकोले तिनीहरू मुनाफा कमाउने भन्दा पनि सदस्यहरूको वित्तीय आवश्यकताहरू सहज र सुरक्षित रूपमा पूर्ति गर्ने कार्यलाई प्राथमिकता दिन्छन् ।

साधारण बैंकिङ प्रणालीमा सहज पहुँच नभएका साना व्यापारी तथा कृषकका बचत तथा ऋण सम्बन्धी आवश्यकताहरू पूरा गर्न क्रेडिट युनियनको अवधारणा सर्वप्रथम जर्मनीमा विकास भएको थियो, जहाँ स्थानीय साहुकारको चर्को व्याजबाट पीडितलाई राहत दिन सन् १८४८ मा फ्रान्ज हर्मन शुल्जे-डेलित्स्चले मिल र बेकरीहरूको सहकारीको व्यवस्था गरेका थिए । किसानलाई चर्को ऋणबाट मुक्त गर्नका लागि फ्रेडरिक विल्हेम राइफिसेनले सन् १८६४ मा पहिलो ग्रामीण क्रेडिट युनियन स्थापना गरेका थिए ।

जर्मनीपछि क्रेडिट युनियनको प्रयोग क्यानाडामा भएको थियो । सबभन्दा पहिले एक पूर्व पत्रकार तथा क्यानेडियन हाउस अफ कमन्सका स्टेनोग्राफर अल्फोन्स डेजार्डिन्सले सन् १९०१ मा क्रेडिट युनियन स्थापना गरेका थिए । संयुक्त राज्य अमेरिकामा सन् १९०८ मा सबभन्दा पहिलो सहकारीका रूपमा सेन्ट-मेरिज को-ओपरेटिभ क्रेडिट एशोसिएसन स्थापना भएको थियो । यस मुलुकमा सन १९०९ मा म्यासाचुसेट्स राज्यमा क्रेडिट युनियन एक्ट पारित भएपछि क्रेडिट युनियनको प्रयोग बढ्दै गएको थियो । सन् १९३४ मा रार्ष्ट्रपति रुजवेल्टले फेडरल क्रेडिट युनियन ऐनमा हस्ताक्षर गरेपछि बचतलाई प्रोत्साहन गर्न र ऋण उपलब्ध गराउन मुलुकभर गैर-लाभकारी क्रेडिट युनियनको संयन्त्र (नेटवर्क) तयार भएको थियो । संयुक्त राज्य अमेरिकामा क्रेडिट युनियन संघीय वा राज्य कानून अन्तर्गत स्थापना गर्न सकिने व्यवस्था छ ।

सन् १९७० मा फेडरल क्रेडिट युनियनलाई नियमन र सुपरीवेक्षण गर्न एउटा स्वतन्त्र निकायका रूपमा राष्ट्रिय क्रेडिट युनियन प्रशासन स्थापना गरिएको थियो । यसैगरी राष्ट्रिय क्रेडिट युनियन शेयर बीमा कोष पनि स्थापना गरिएको थियो, जसले संघीय क्रेडिट युनियनका सदस्यहरूले क्रेडिट युनियनमा जम्मा गरेको अमेरिकी डलर २० हजारसम्मको रकमको बीमा गर्न शुरु गरेको थियो । सन् १९७४ मा बीमा गरिने रकम ४० हजार डलर कायम गरिएको थियो । संघीय क्रेडिट युनियनका सदस्यहरूको बीमा हुने निक्षेपको मात्रा सन् १९७९ मा एक लाख डलर पुऱ्याइयो । त्यतिखेर बैंकमा जम्मा गरिएको रकममध्ये एक लाख डलरको निक्षप रकम फेडरल डिपोजिट इन्स्युरेन्स कर्पोरेशनले बीमा गर्ने प्रचलन अनुरूप मिलाइएको थियो । सन् २००८ संघीय क्रेडिट युनियनमा सदस्यहरूले जम्मा गरेको २ लाख ५० हजार डलरसम्मको रकमको बीमा गर्ने व्यवस्था गरिएको थियो जसले अहिलेसम्म निरन्तरता पाइरहेको छ ।

संयुक्त राज्य अमेरिकामा क्रेडिट युनियनको प्रयोग गर्ने क्रममा सन् १९३९ को जून महिनामा विश्व प्रसिद्ध हार्वर्ड विश्व विद्यालयका कर्मचारीहरूद्वारा 'हार्वर्ड विश्वविद्यालय कर्मचारी क्रेडिट संघ' स्थापना गरेका थिए । समयको परिवर्तनसँगै संघले कर्मचारीका अतिरिक्त अन्यलाई पनि सेवा प्रदान गर्न थालेकोले यसको नाम ३ जून, २०२४ देखि 'हार्वर्ड फेडरल क्रेडिट युनियन' (हार्वर्ड संघीय क्रेडिट संघ) मा परिवर्तन गरिएको थियो ।

संयुक्त राज्य अमेरिकाको म्यासाचुसेट्स राज्यको क्याम्ब्रिजमा संचालित हार्वर्ड संघीय क्रेडिट संघ एक गैर-मुनाफाकारी वित्तीय सहकारी संस्था हो । यसमा हार्वर्ड सम्बद्ध कर्मचारी, प्राध्यापक, विद्यार्थी, पूर्व विद्यार्थी, हार्वर्ड विश्वविद्यालयका सेवानिवृत्त व्यक्तिहरू, हार्वर्ड शिक्षण अस्पताल र हार्वर्डसँग सम्बद्ध अन्य संस्थाहरूसँग सम्बद्ध व्यक्तिहरू सदस्य हुन सक्छन् । सदस्य बन्नको लागि संघमा अमेरिकी डलर पाँच जम्मा गरेर बचत खाता खोल्नुपर्दछ, जुन सदस्यको स्वामित्व शेयरको रूपमा रहन्छ । क्रेडिट संघमा खाता खोलेर निक्षेप जम्मा गर्ने भनेको क्रेडिट संघको शेयर खरीद गरे जस्तै हो । संघमा खाता खोल्ने व्यक्ति संघको ग्राहकभन्दा पनि आंशिक मालिक हुन्छ । हार्वर्ड संघीय क्रेडिट संघमा खाता खोलेपछि सदस्यता नम्बर प्राप्त हुन्छ जसले संघद्वारा प्रदत्त विभिन्न सेवा तथा सुविधामा पहुँच दिन्छ ।

कुनै व्यक्ति हार्वर्ड संघीय क्रेडिट संघको सदस्य भएपछि निजको परिवारका सदस्यहरू पनि संघका सदस्य हुन पाउँछन् । एक पटक सदस्य भएपछि आजीवन सदस्य हुन पाउने व्यवस्था छ । विद्यार्थीले अध्ययन सिध्याएपछि, स्थानान्तरण वा रोजगारदाता परिवर्तन भए पनि सदस्यतामा फरक पर्दैन । हाल हार्वर्ड संघीय क्रेडिट संघका ५० हजार भन्दा बढी सदस्यहरू छन् । हार्वर्ड संघीय क्रेडिट संघ प्रजातान्त्रिक रूपमा सदस्यहरूद्वारा नियन्त्रित संस्था हो । यसमा हरेक सदस्यको हैसियत समान हुन्छ । एक सदस्य एक मतका आधारमा सञ्चालक समितिको चयन गर्नुका साथै महत्वपूर्ण नीतिगत तथा अन्य निर्णयहरू गरिन्छन् ।

हार्वर्ड संघीय क्रेडिट संघको मूल उद्देश्य यसका सदस्यहरूको जीवनमा अहिले र भविष्यमा सकारात्मक प्रभाव पार्ने रहेको छ । सबै मिलेर उज्यालो संसार स्थापना गर्न सकिन्छ भन्ने मान्यता भएको हार्वर्ड संघीय क्रेडिट संघले आफ्ना सदस्यहरूलाई वित्तीय उपकरण तथा स्रोतमा पहुँच दिएर तिनीहरूको जीवनमा सकारात्मक प्रभाव पार्न सघाउँदछ । हार्वर्ड संघीय क्रेडिट संघ गैर-लाभकारी वित्तीय सहकारी संस्था भएकोले यसले कमाएको मुनाफा सदस्यहरूलाई तिनीहरूको निक्षेपमा राम्रो व्याजदर दिने गर्दछ । संघले सदस्यलाई उपलब्ध गराउने ऋणमा न्यून व्याजदर लिने, संघले प्रदान गर्ने सेवामा लिने न्यून शुल्क तथा यसले सदस्यहरूलाई प्रदान गर्ने राम्रो सेवाका माध्यमले सदस्यहरूलाई लाभ पुऱ्याउँछ ।

हार्वर्ड संघीय क्रेडिट संघ संघीय सरकारको कानून अन्तर्गत स्थापित तथा 'राष्ट्रिय क्रेडिट यूनियन प्रशासन' द्वारा नियमन तथा अनुगमन गरिने क्रेडिट संघ हो । राष्ट्रिय क्रेडिट यूनियन प्रशासनले हरेक सदस्यको २ लाख ५० हजार डलरसम्मको खाताको बीमा गरेको हुन्छ । त्यसभन्दा बढीको रकमको बीमा म्यासाचुसेट्स क्रेडिट युनियन सेयर इन्स्योरेन्स कर्पोरेशनले गर्दछ । यसरी हार्वर्ड संघीय क्रेडिट संघमा जम्मा गरिएको रकम पूर्ण रूपमा सुरक्षित हुन्छ, एक डलर पनि गुम्ने डर हुँदैन ।

**(ख) हार्वर्ड सहकारी संस्था-खुद्रा सहकारी**

हार्वर्ड विश्वविद्यालयका विद्यार्थीले २० मार्च, १८८२ मा हार्वर्ड सहकारी संस्था स्थापना गरेका थिए । व्यापारीहरूले कायम गरेको चर्को मूल्यका कारण पुस्तक, शैक्षिक सामग्री र हिउँदमा घर तताउन आवश्यक काठ तथा कोइला खरीद गर्न कठिन भएकोले विद्यार्थीले आफूसँग भएको सीमित पूँजी जम्मा गरेर त्यस्ता वस्तु सुपथ मूल्यमा प्राप्त गर्न यो संस्था खोलेका थिए ।

संस्थाले विद्यार्थीलाई आवश्यक वस्तुहरू एकमुष्ट सस्तोमा खरीद गर्ने र ५ प्रतिशत मात्र बढाएर विद्यार्थीलाई सुपथ मूल्यमा सामान उपलब्ध गराउने गरेको थियो । सन् २०१४ देखि यसले सदस्यहरूलाई गर्ने बिक्रीमा मूल्यको १० प्रतिशत छुट दिने गरेको छ भने गैर-सदस्यहरूलाई गर्ने बिक्रीमा कुनै छुट दिँदैन ।

हार्वर्ड सहकारी संस्था शुरुमा हार्वर्ड विश्वविद्यालयका विद्यार्थीबाट सञ्चालन गरिएको भए पनि सन् १९१६ मा म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजी (एमआईटी) बोष्टनबाट क्याम्ब्रिजमा सरेपछि त्यसले एमआईटीलाई पनि समेटेको छ । संस्थामा दुई विश्वविद्यालयमा सम्बद्ध विद्यार्थी, पूर्व विद्यार्थी, प्राध्यापक, कर्मचारी तथा हार्वर्ड मेडिकल स्कूलसँग सम्बद्ध अस्पतालका कर्मचारी सदस्य हुनसक्ने व्यवस्था छ ।

हार्वर्ड सहकारी संस्थाको सदस्य हुन शुरूमा दुई डलर शुल्क तिर्नुपर्दथ्यो भने यसको कारोबार वृद्धि भएपछि सदस्यता शुल्क एक डलर मात्र कायम गरिएको छ । हरेक वर्ष एक अमेरिकी डलर तिरेर जून महिनामा सदस्यता नवीकरण गर्नुपर्दछ । हार्वर्ड सहकारी संस्थाको सदस्यता नम्बर प्राप्त भएपछि सदस्यहरूले सहकारीबाट गर्ने हरेक खरीदमा १० प्रतिशत छुट पाउँछन् । यो नम्बर अरूलाई दिन पाइँदैन, यसको दुरुपयोग गरेमा सदस्यता खारेज हुन्छ । हाल हार्वर्ड सहकारी संस्थाका ५५ हजार भन्दा बढी सदस्य छन्, जसमा हार्वर्ड र एमआईटीका २२ हजार जति विद्यार्थी सदस्य छन् भने बाँकी पूर्व विद्यार्थी, प्राध्यापक तथा कर्मचारी सदस्य छन् । हार्वर्ड सहकारी संस्था एउटा खुद्रा सहकारी संस्था हो । यसको अर्थ यो यसका सदस्यहरूको स्वामित्वमा रहन्छ ।

बेलायतमा कारखानाधनीले चलाएका पसलले बिक्री गर्ने सामानको न्यून गुणस्तर र चर्को मूल्यबाट पीडित श्रमिकहरूले गुणस्तरीय वस्तुहरू सुपथ मूल्यमा पाउनको लागि सन् १८४४ मा बेलायतको राचडेलमा 'राचडेल सोसाइटी अफ इक्विटेबल पायनियर्स' को नामले विश्वको पहिलो उपभोक्ता सहकारी स्थापना गरेका थिए । हार्वर्ड सहकारी संस्थाको उद्देश्य पनि त्यस्तै छ ।

शुरूमा हार्वर्ड यार्डमा स्थित विद्यार्थी छात्रावासको एक कोठाबाट पुस्तक, स्टेशनरी, काठ तथा कोइलाको कारोबारबाट हार्वर्ड सहकारी संस्थाको स्थापना भएको थियो । अहिले यसको कारोबार क्रमश: वृद्धि भई हाल यसले हार्वर्ड क्षेत्रका तीनवटा पसल र एमआईटी क्षेत्रका दुईवटा पसल सञ्चालन गर्छ । ती पसलबाट पुस्तकका साथै स्टेशनरी, लत्ताकपडा, संगीतका सामग्रीहरू, प्रिन्टिंग्स र अन्य वस्तुहरू पनि बिक्री गर्दै आएको छ । यसले धेरै वर्षसम्म संयुक्त राज्य अमेरिकाको सबैभन्दा पुरानो र सबैभन्दा ठूलो कजेल बुकस्टोर भएको गौरव प्राप्त गरेको थियो । अहिले पनि यो संयुक्त राज्यको सबभन्दा ठूला खुद्रा पुस्तक बिक्रेताको श्रेणीमा पर्दछ ।

१४० वर्षभन्दा पुरानो हार्वर्ड सहकारी संस्थाले विश्व प्रसिद्ध ती दुई विश्वविद्यालयको शैक्षिक तथा व्यावसायिक समुदायलाई पुस्तक, शैक्षिक सामग्री लगायतका वस्तुहरू सुपथ मूल्यमा प्रदान गर्दै आएको छ । सहकारी संस्था सदस्यहरूको संयुक्त स्वामित्वमा रहेको प्रजातान्त्रिक रूपमा नियन्त्रित तथा सदस्य र समुदायकेन्द्रित व्यापारिक मोडेल हो भन्ने यसबाट स्पष्ट हुन्छ ।

**(ग) वेलस्प्रिङ - श्रमिक सहकारी संस्था**

संयुक्त राज्य अमेरिकाको म्यासाचुसेट्स राज्यको स्प्रिङफिल्डमा सन् २०१४ मा स्थापना भएको वेलस्प्रिङ सहकारी तुलनात्मक रूपमा नयाँ श्रमिक सहकारी संस्था हो । यो समुदायमा आधारित सहकारी विकास संस्था हो । स्प्रिङफिल्डको सीमान्तकृत क्षेत्रका कामदारको स्वामित्वमा रहेका संस्थाहरूको सञ्जाल (नेटवर्क) सिर्जना गर्ने लक्ष्य बोकेको यस संस्थाले त्यस क्षेत्रका न्यून आय भएका र बेरोजगारका लागि कार्यस्थल प्रशिक्षण, रोजगारी र सम्पत्ति आर्जन जस्ता अवसर सिर्जना गर्दछ ।

एकता, सहयोग, समानता, लोकतन्त्र, बहुलवाद र दिगोपन जस्ता मूल्य बोकेको वेलस्प्रिङ सहकारीको मिशन सहकारी, समतामूलक, लोकतान्त्रिक र दिगो अर्थतन्त्र निर्माण गर्नु हो । यसले श्रम सहकारीको सञ्जाल विकास गर्नुका साथै समुदायको नेतृत्वमा पहल भएका गतिविधिलाई सहयोग गर्ने उद्देश्य राखेको छ ।

वेलस्प्रिङ सहकारी यसका सदस्यहरूद्वारा प्रजातान्त्रिक किसिमले शासित संस्था हो । यसमा स्प्रिङफिल्डमा रहेका वेलस्प्रिङ सहकारी, कलेज, विश्वविद्यालय र अस्पताल जस्ता एंकर संस्थाहरू, सामुदायिक र श्रम संगठनहरू, विकास संस्था र व्यक्तिगत सदस्यहरूको प्रतिनिधित्व हुन्छ ।

वेलस्प्रिङ सहकारीले सन् २०१६ मा वेलस्प्रिङ हार्भेस्ट स्थापना गरेको थियो । वेलस्प्रिङ हार्भेस्ट यसका कामदारको स्वामित्व र नियन्त्रणमा रहेको श्रमिक सहकारी हो । नयाँ कर्मचारीहरूले परीक्षण अवधिमा वेलस्प्रिङ हार्भेस्टको सञ्चालन, शासन तथा वित्तीय अवस्थाका बारेमा राम्रो जानकारी हासिल गरिसकेपछि सहकारीको सदस्य हुन चाहेमा निवेदन दिन सक्छन् । पुराना सदस्यहरूले सदस्यता स्वीकृत गरेपछि तिनीहरू सदस्य हुन्छन् । यसको सदस्यता शुल्क १ हजार अमेरिकी डलर छ, यसलाई विभिन्न किस्तामा तीन वर्षभित्र तिर्नुपर्ने व्यवस्था छ ।

सदस्यहरू सहकारीको हिस्सेदार, निर्णय प्रक्रियामा सहभागी र मुनाफाका भागीदार हुन्छन् । सहकारीको उन्नतिसँग सदस्यको उन्नति गाँसिएकोले कामदारहरू उत्तरदायी तथा उत्प्रेरित हुन्छन् ।

*(साभार: अनलाइनखबर)*

कांग्रेसमा असन्तोष :

# सरकारसँग तीन महिनासम्म सन्तुष्ट, ६ महिना पुग्दा असन्तुष्ट



काठमाडौं/प्रतिनिधि सभाको सबैभन्दा ठूलो दल कांग्रेसको सहभागितामा बनेको सरकारले पुस मसान्तमा १८३ दिन पार गऱ्यो । एमालेसँग सत्ता सहकार्य गर्ने गरी कांग्रेसले १७ असारमा गठबन्धन बनाएको थियो। कांग्रेसका ९ मन्त्रीसहित ३१ असारमा एमाले अध्यक्ष ओलीको नेतृत्वमा बनेका सरकारले आधा वर्ष बिताएको हो ।

सरकारका क्रियाक्लापप्रति असन्तोषको एउटा शृंखला बन्न गएको छ । नेता एनपी साउदबाट सुरु भएको असन्तुष्टिको स्वर डा.शेखर कोइराला, कृष्णप्रसाद सिटौला, अर्जुननरसिंह केसी, नैनसिंह महरसम्म पुगेको छ । रोचक के छ भने राजनीतिक स्थिरता र नागरिकमा भरोसाको सन्देश दिनलाई कांग्रेस र एमाले मिलेर सरकार बनाउनुपर्ने मत विगतदेखि नै राख्ने गरेका नेता शेखरसमेत अहिले यो गठबन्धनको शैलीसँग असहमति जनाइरहेका छन् ।

सात बुँदे सहमतिको जगमा बनेको वर्तमान सरकार ती मुद्धाबाट बरालिएको कांग्रेस नेताहरुको भनाई छ । नेताहरुमा असन्तुष्टिको ग्राफ बढ्दै जानुमा सुशासनको प्रत्याभूति नहुनु, नागरिकका निराशा चिर्न नसक्नु, बीआरआई सम्झौता, संविधान संशोधनको मुद्दा हुँदै भर्खर अध्यादेशसम्म छन् ।

गत शुक्रबार अबेर राति सकिएको मन्त्रिपरिषद बैठकले व्यवसायीक वातावरणलाई सुधार्ने उद्धेश्यले अध्यादेश मार्फत एकैदिन २९ वटा कानुन संशोधनको प्रस्ताव गरेको थियो । कानुन सुधार कार्यदलले दिएको सुझावको आधारमा अध्यादेश ल्याउने सरकारले निर्णय गरेको हो । त्यसअघि १४ पुसमा सरकारले सहकारी ऐन संशोधन गर्न अध्यादेश ल्याएको थियो ।

कांग्रेस नेताहरुले अध्यादेशमा उल्लेखित विषयवस्तुप्रति असन्तुष्टि राखेका छैनन् । संसदलाई छलेर अध्यादेशको बाटो रोजिएको प्रति आपत्ति जनाएका छन् । सरकारले संसदमा पेश गरेका विधेयक दुई दलको संसदमा रहेको अंकगणितले सहजै पारित हुनसक्ने अवस्थामा समेत अध्यादेशको बाटो रोजिएकोप्रति नेताहरु आक्रोशित सुनिएका छन् ।

संसद बैठक बोलाउने ध्यान नदिई सरकारले गलत बाटो रोजेको कांग्रेसका शीर्ष तहका एक नेता बताउँछन् । ती नेताले भने, 'सरकारले ल्याएको विधेयक फूल हाउसबाट सजिलै पारित हुन्छ । संसद संसद बोलाएर के के संशोधन सहित पारित गर्नुपर्ने सरकारले विधेयक ल्याए हुन्थेन?'

वर्षे अधिवेशन सकिएको चार महिना पुगेको छ । विधेयक अधिवेशनका रुपमा परिचित हिउँदे अधिवेशनको आह्वान सरकारले गरिसकेको छैन । ओली सरकारले विगतमा अध्यादेश ल्याउँदा कांग्रेसले चर्को विरोध गर्दै आएको थियो । तत्कालीन ओलीले २०७७ वैशाख ८ र २०७८ वैशाख २१ मा अध्यादेश ल्याउँदा कांग्रेसले विरोध गरेको थियो । २०७७ वैशाख ८ मा ओली सरकारले दल फुटाउन सहज हुने गरी अध्यादेश ल्याएका थिए ।

दल विभाजन गर्न संसदीय दल र केन्द्रीय दुवैमा ४० प्रतिशत पुग्नुपर्नेमा ओली सरकारले 'र' हटाएर 'वा' को व्यवस्था राखेको थियो । २०७८ को वैशाख २१ गते ओली सरकारले एकैपटक सातवटा अध्यादेश ल्याए । सरकारले त्यसबेला संवैधानिक परिषद सम्बन्धी सहित सातवटा अध्यादेश ल्याउने निर्णय गरेको थियो ।

अध्यादेश ल्याउने निर्णय भएकै दिन कांग्रेस विरोधमा उत्रियो । सभापति शेरबहादुर देउवाले विज्ञप्ति निकालेर त्यस समय भनेका थिए, 'संसदलाई छलेर अध्यादेश मार्फत शासन चलाउने वर्तमान सरकारको कार्यशैली घोर आपत्तिजनक छ ।'

संसदको दुबै अधिवेशन नभएको बेलामा संविधानको धारा संविधानको धारा ११४ अनुसार सरकारले राष्ट्रपति समक्ष अध्यादेश सिफारिस गर्ने व्यवस्था छ । सरकारले संसदलाई बन्धक बनाएर अध्यादेश ल्याएको भन्दै केन्द्रीय सदस्य एनपी साउद आलोचना गर्छन् ।

वर्तमान सरकारले अध्यादेशबाट देश चलाउन खोजेको आरोप लगाउँदै साउदले आइतबार वुटवलमा भने, 'संसद्लाई लामो समयसम्म बन्धक बनाउँदै अध्यादेश मार्फत अहिलेको सरकारले विभिन्न ऐन बनाइरहेको छ ।' अध्यादेश मार्फत ल्याइएका विधेयक सर्वस्वीकार्य नहुने उनको तर्क छ ।

कांग्रेसका नेताहरु असन्तुष्ट हुनुको अर्को कारण बनिदियो- संविधान संशोधन सम्बन्धी प्रधानमन्त्री ओलीको बोली । कांग्रेस-एमालेको सत्ता समीकरण बनाउँदा भएको सहमतिमा संविधानको आवश्यक संशोधन गर्ने उल्लेख थियो । उक्त सहमतिको दोस्रो बुँदामा भनिएको थियो,'राष्ट्रिय सहमतिको सरकारले संविधान प्रारम्भ भएपश्चात अभ्यासमा देखा परेका सबल पक्ष र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदअनुकूलको कानून निर्माण गर्ने विषयलाई प्राथमिकता दिने ।'

दुई दलका वीचमा संविधान संशोधन गर्नका लागि कार्यदल बनाउने सहमति जुटेपनि गठन भने भइसकेको छैन । त्यसै वीचमा प्रधानमन्त्री ओलीको बोलीले कांग्रेस नेताहरु संशकित बनेका छन् ।

२३ पुसमा प्रधानमन्त्री ओलीले संविधान संशोधन २०८७ सालमा मात्रै हुने बताएका थिए । ओलीले भनेका थिए, 'संविधानमा केही त्रुटि छन् । संशोधन गर्नुपर्ने छ । तर यो काम २०८७ सालमा मात्रै हुन्छ ।' प्रधानमन्त्री ओलीको उक्त अभिव्यक्तिप्रति महामन्त्री विश्वप्रकाश शर्मा, नेताहरु अर्जुननर सिंह केसी, एनपी साउद, नैनसिंह महर लगायतले आपत्ति जनाएका छन् ।

महामन्त्री विश्वप्रकाश शर्माले भने 'संविधान संशोधन गर्न निश्चय नै राष्ट्रिय सभामा माओवादी पार्टीको सहभागीता भएन भने दुई तिहाइको गणित पुग्दैन । हामीले संविधान संशोधन गर्नका लागि गणितीय रुपमा पुग्दैन भनेर ब्याक गियर लगाउने अवस्थामा हामी छैनौं प्रधानमन्त्रीज्यू ।'

अर्का नेता केसीको दृष्टिकोणमा वर्तमान सरकारको औचित्य सकिएको छ । '२०८७ नभइ संविधान संशोधन नै हुन सक्दैन भन्ने प्रधानमन्त्रीको भनाइले यो सरकार दुई वटा ठूलो-ठूलो दलबाट जो बनेको छ,' केसी भन्छन्, 'त्यसको ७ बुँदे सहमतिमाथि अपमान भएको छ र यो सरकारको औचित्य पनि समाप्त भएको छ भन्ने मेरो आफ्नो दृष्टिकोण छ ।'

प्रधानमन्त्री ओलीले आफ्ना अभिव्यक्ति राख्दा संवेदनशील हुनुपर्ने र दुई दलमा भएको सहमति विपरित विचारले गठबन्धनको जगलाई असर गर्ने नेता साउद बताउँछन् । संविधान संशोधन गर्ने गरी गठन भएको सरकारले त्यसतर्फ पहलकदमी नलिएको भन्दै नेता शेखरले निरन्तर आवाज उठाउँदै आएका छन् ।

राष्ट्रिय सहमतिको सरकारको मर्म र भावना अनुसार प्रदेश सरकार गठन र सञ्चालन हुने दुई दलमा सहमति बनेको थियो । तर, एमाले नेतृत्वमा रहेका प्रदेश सरकारमा आफू खुसी निर्णय हुने गरेको कांग्रेसका नेताको गुनासो छ ।

कांग्रेसका लुम्बिनी प्रदेश सभापति अमरसिंह पुन प्रदेश सरकारको नेतृत्व गठबन्धन मर्म र भावना अनुरुप नहिडिकेको बताउँछन् । 'गठबन्धनको मर्म र भावना अनुसार जसरी प्रदेश सरकार चल्नुपर्ने थियो, त्यही रूपमा गएको जस्तो देखिन्न,' पुनले संचारकर्मीसँग भने,'आफ्नो अनुकूलता र तरिकाले सरकार चले जस्तो देखिन्छ ।'

सरकारका काम कारबाही एवं कार्यशैलीका बारेमा नेताहरुले केन्द्रीय समितिमा धारणा राख्ने अवस्था बनेको छैन । केन्द्रीय समितिको बैठक डाकेर पार्टी निर्णय मार्फत सरकारलाई कार्यशैली सुधार्न ध्यानाकर्षण गराउनुपर्ने शीर्ष तहका एक नेता बताउँछन् ।

उनी भन्छन्,'यो सरकारले गरेको एउटै राम्रो काम छैन । सरकारको समीक्षा केन्द्रीय समिति बैठकबाट गर्नुपर्छ । बैठक बोलाउन सभापतिको ध्यान गएको छैन ।' सत्ता निर्माणका वेला भएको सात बुँदे सहमतिलाई छिटो कार्यान्वयन तर्फ लैजान सरकारको नेतृत्वलाई केन्द्रीय सदस्य नैनसिंह महर सुझाव दिन्छन् । उनी भन्छन्, 'संयुक्त सरकारमा कांग्रेसको शक्ति अनुसारको जिम्मेवारी बाँडफाँट र शक्ति सन्तुलनको पनि ख्याल गर्नु पर्छ ।'

(स्रोत: अनलाइनखबर)

# 'मायावी'को 'टलटल टल्कियो' गीत : दीपिकाको इन्गेजमेन्टमा पलको नृत्य



काठमाडौं/आगामी फागुन १४ गते (महाशिवरात्रि)बाट प्रदर्शनमा आउन लागेको फिल्म 'मायावी'को श्रृंखलाबद्ध रुपमा गीतहरु सार्वजनिक भइरहेका छन् । दुई हप्ताअघि सार्वजनिक 'त्यो माया हो' गीतले राम्रो हाइप बनाइरहँदा सोमबार दोस्रो गीत 'टलटल टल्कियो' सार्वजनिक गरिएको छ । गीतमा एसडी योगी र रेश्मा पुनको गायन, एसडी स्वयंको संगीत तथा राम अविरल विष्टको शब्द छ ।

कविराज गहतराजको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा फिल्मका कलाकारहरु पल शाह, दीपिका प्रसाईं, समीम खान, करिश्मा श्रेष्ठ, सुशील सिटौला लगायत चित्रित छन् । दीपिका र समीमबीच इन्गेजमेन्ट भइरहँदा निराश देखिएका पलको भावना गीतले व्यक्त गर्छ । अघिल्लो गीत 'त्यो माया हो'मा दीपिकासँग पलको प्रेम देखाइएको थियो ।

'ऐश्वर्य'बाट लभस्टोरीमा आफूलाई प्रमाणित गरिसकेका दीवाकर भट्टराईको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा लक्ष्मी गिरी, प्रशान्त ताम्राकार, राजाराम पौडेल, अन्शु महर्जन, रवि डंगोल, राम प्रसाईं, दीपेन्द्र सिम्खडा, संगीता सिलवाललगायतको पनि अभिनय छ । फिल्मले प्रेम, मित्रता र वियोगको कथा भन्ने जनाइएको छ ।

'मायावी'मा ुव न्यौपाने, राज कटुवाल र चन्द्र पन्तको लगानी छ । प्रवीण भट्टराई र करण सिंह कार्यकारी निर्माता रहेको फिल्ममा मञ्जु भण्डारी, राजु पराजुली र सुमित ओली भने सह-निर्माताको रुपमा छन् । फिल्मको गीतमा एसडी योगीका साथै शम्भुजित बाँस्कोटाले पनि संगीत दिएका छन् । यसमा शाहिल खानको ट्रेलर, राजु विक्रम थापाको डीओपी तथा मिलन श्रेष्ठको सम्पादन छ ।

# 'पिताम्बर' टिजरमा प्रदीप र सौगातको एक्सन अवतार



काठमाडौं/तीन सुपरस्टारहरु दयाहाङ राई, सौगात मल्ल र प्रदीप खड्काको पहिलो सहकार्य रहेको फिल्म 'पिताम्बर'को टिजर सार्वजनिक गरिएको छ । सोमबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक २ मिनेट लम्बाईको टिजर एक्सन प्रधान छ । कथावस्तुबारे टिजरले खुलासा नगरे पनि बदलाको कथामा फिल्म बनेको संकेत भने मिल्छ । टिजर हेर्दा फिल्मको मेकिङ उच्च देखिएको छ ।

तराईको समथर भूभागलाई चित्रित गर्दै सुरु भएको टिजरमा प्रदीपको इन्ट्रीपछि एक्सनलाई प्राथमिकता दिइएको छ । उनको पात्र हिंसात्मक देखिन्छ । उनको एउटा संवाद छ, 'यहाँ महाभारत हुन्छ ।' यसबाट उनको पात्रले कसैसँग बदला लिन चाहेको प्रष्ट हुन्छ । दयाहाङ भने इन्स्पेक्टरको भूमिकामा छन् । एक दृश्यमा उनलाई प्रदीपले चुनौती दिइरहेको देखिन्छ ।

टिजरको अन्तिममा हेलिकप्टरबाट सौगातको इन्ट्रीसहित एउटा संवाद छ, 'अब यो प्रचण्ड गर्मीमा शीतलहर चलाउने जिम्मा मेरो ।' यसपछि उनी एक्सनमा उत्रिन्छन् । टिजरमा प्रमोद अग्रहरी, अनुपविक्रम शाही, सुरक्षा पन्त, दिव्यदेव, दिव्या रायमाझी, सुपुष्पा भट्ट लगायत पनि चित्रित छन् । ब्याकग्राउन्ड स्कोर सशक्त रहेको टिजरले दर्शकमा फिल्मको पखाई बढाउने निश्चित छ ।

कृषा चौलागाईंको निर्देशनमा तयार भएको फिल्ममा गौरी मल्ल, रविन्द्र झा, कामेश्वर चौरसिया, टीका पहारी, गौरव विष्ट, सुरवीर पण्डितलगायतको पनि अभिनय छ ।

विशाल चौलागाई निर्माता रहेको फिल्ममा प्रदीप भारद्वाज र अभिमन्यू निरवीको पटकथा तथा संवाद छ । फिल्मलाई पुरुषोत्तम प्रधानले खिचेका हुन् । यो फिल्म नयाँ वर्षको छेको पारेर चैत २९ गतेबाट प्रदर्शनमा आउँदैछ ।

# रोकियो सोख र साहसको फोटोग्राफी यात्रा

काठमाडौं/बबरमहल रिभिजिटेडमा एक वर्षअघि यो पंक्तिकारसँग भेट हुँदा चुङ्बा शेर्पाले आफूले खिचेका फोटा क्यामेरामा देखाउँदै भनेका थिए- मसँग जे छ, अरुसँग छैन। त्यतिबेला थोरै घमण्ड र धेरै आत्मविश्वास मिश्रित भावमा देखिन्थे उनी । एक महिनाअघि चप्पल कारखानास्थित निवासमा भेट हुँदा भने उनमा पहिलेको जस्तो चमक थिएन । धेरै निराशाको भाव थियो उनमा । उनले भनेका थिए- खानै रुच्दैन । श्रीमती हुँदासम्म कर गरेर भए पनि खुवाउँथी ।

उनको भनाइमा अर्थ लगाउन सकिन्थ्यो, खानाको अरुचि जीवनसंगीनी आङफुटी शेर्पासँगको बिछोडपछि सुरु भएको थियो । लामो समय थलिएपछि करिब ६ महिनाअघि चुङ्बालाई एक्लै छाडेर उनकी जीवनसंगीनी परमधाम भइन् । कोरोना महामारीको लकडाउनका बेला उनले माइली छोरी मिङ्मालाई गुमाएका थिए । २८ पुसको राति चुङ्बा पनि परलोक भए ।

चुङ्बा राजनीति, समाजसेवा र व्यवसायमा संलग्न थिए । तर उनलाई नाम भने सोखले रोजेको वाइल्डलाइफ फोटोग्राफीले दिएको थियो । उनले दुर्लभ हिउँ चितुवा, हिमाली याकसहित थुप्रै जंगली जनावर र चराहरुका चित्ताकर्षक फोटा क्यामरामा कैद गर्न सफल भएका थिए ।

May be an image of musk ox बबरमहल रिभिजिटेडको गुन्द्रीमा बसेर गफिँदा चुङ्बाले भनेका थिए, 'रिटायर्ड लाइफ कसरी बिताउने भनेर फोटो खिच्न थालें । पछि यसमै नशा बस्दै गयो । पछि लेटेस्ट क्यामेरा र लेन्स लन्च भएको थाहा पाउनेवित्तिकै किन्न थालें । मसँग भएका क्यामरा एनिमल प्लानेट, डिस्कभरी, नेशनल जियोग्राफी जस्ता च्यानलले प्रयोग गर्ने खालका छन् ।'

सोलुखुम्बुको खुम्बुपासाङ गाउँपालिकाको लुक्ला घर भएका उनी तत्कालीन चौरीखर्कको पूर्व गाविस अध्यक्ष भएका थिए । प्रधानपञ्च हुँदै नेपाली कांग्रेसको राजनीतिमा लागेका उनी खुम्बु पासाङल्हामु गाउँपालिकाको कांग्रेस सभापति समेत बने । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बनेर पनि उनले योगदान गरे ।

लामो समय यती एयर लाइन्समा जागिर र होटल व्यवसायको अनुभव संगालेपछि ५७ वर्षको उमेरमा फोटोग्राफीमा हात हालेको बताउँथे उनी । जीवनको उत्तरार्धतिर क्यामेरामा हात हालेका उनी छोटो समयमै चर्चाको शिखरमा पुगे । उत्कृष्ट तस्वीर खिचेका कारण उनी विश्व वन्यजन्तु कोष (डब्ल्यू.डब्ल्यू.एफ.) सहित विश्व प्रतिष्ठित अन्तर्राष्ट्रिय संघसंस्थामा जोडिन पुगेका थिए । नेपालको राष्ट्रिय प्रकृति संरक्षण कोष, पर्यटन विभाग जस्ता सरकारी निकाय पनि उनकै फोटोमा भर पर्न थालेका थिए । माइतीघर मण्डलासहित नेपालका प्रमुख शहरका चोक र पर्यटकीय क्षेत्रमा उनले नै खिचेका संरक्षित वन्यजन्तुका फोटा ठूला-ठूला होर्डिङ बोर्डमा राखिएका थिए ।

घाँसपात जस्ता देखिने कपडा, टेन्ट र क्यामरा कभर लगाएर जंगलमा हप्तौं बिताउथे उनी । हिमालको चिसोमा हिउँ चितुवाको फोटो खिच्न एक महिना लगातार पर्खिनु पर्दाको दुःख सुनाउँथे । बाघ र हात्तीको आक्रमणबाट बालबाल जोगिएका किस्सा सुनाउँथे ।

अनि रोमान्टिक मुडमा फिल्मी डायलग सुनाउँथे, 'जो डर गया, ओ मर गया ।'

अनकन्टार जंगलमा र चिसो हिमालमा भोकभोकै दिनरात बिताउने साहस कसरी जुट्छ ? पंक्तिकारको प्रश्नमा उनी भन्थे, 'प्यासनले ।' साँच्चै भन्ने हो भने उनमा फोटो खिच्ने भोक थियो । त्यो पूरा गर्न उनी हिमालदेखि तराईका फाँटसम्म भौंतारिन्थे जसरी भोकाएको शेर जंगलमा आहारा खोज्दै डुल्छ ।

मनाङ, मुस्ताङ, हुम्ला, जुम्ला, लाङटाङ, लुम्बिनी, कपिलवस्तु, कञ्चनजंघा, बाँके, बर्दिया, शुक्लाफाँटा, सगरमाथा राष्ट्रिय निकुञ्ज, चितवन, कोशी टप्पु, इलामलाई उनले फोटोग्राफीमार्फत् प्रचार गरे । फोटो खिच्न उनी नेपालका सबै राष्ट्रिय निकुञ्जमात्र होइन विदेश पनि पुगे । तान्जानिया पुगेर दुर्लभ सर्भल क्याट क्यामरामा कैद गरे । कहिले विद्यार्थीलाई अनुभव सुनाउन स्कुल-स्कुल पुगे । कहिले आफ्ना फोटा प्रदर्शनीमा सहभागी भए । एक प्रकारले भन्दा उनले सक्रिय जीवन जिए ।

उनको यो निष्फिक्री घुमघाममा जेठा छोरा डाक्टर छेवाङ, लुक्लामा होटल चलाइरहेका कान्छा छोरा सोनाम, जेठी छोरी पासाङ र कान्छी छोरी पाइलट बन्दाफुटीको समर्थन थियो । त्यसैले त उनी देशविदेश पुगिरहन्थे । आफ्नो फोटोग्राफीको सोखमा पैसा खर्चिन्थे । यत्रो खर्च गर्दा कमाइ चाहिँ कति हुन्छ ? यो प्रश्नमा उनी फिस्स हाँसेर भन्थे- 'यो मेरो सोखको काम हो । पैसा माग्दैन । फोटो चाहियो भन्नेलाई दिन्थें ।'

उनले पैसा लिन्थे कि लिँदैनथे त्यो त थाहा छैन । तर उनले असंख्य वन्यजन्तुका फोटा र सुन्दर नेपालको प्रचार गरेर पर्यटन प्रवर्द्धनमा योगदान दिए ।

# राजस्व अनुसन्धान विभागमाथि कानुनको लगाम

काठमाडौं/राजस्व अनुसन्धान विभागबाट अदालतमा दायर गरिसकिएको मुद्दा सरकारले फिर्ता लिन सक्ने व्यवस्था प्रस्ताव गरिएको छ । शुक्रबार मन्त्रिपरिषद्ले पारित गरेको आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी अध्यादेश मार्फत राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण ऐन, २०५२ मा संशोधन गर्दै यस्तो व्यवस्था गर्न प्रस्ताव गरिएको हो ।

'जानाजान वा बदनियत पूर्वक राजस्व छल्ने नियतले कुनै कार्य गरेकोमा बाहेक राजस्व अनुसन्धान नियन्त्रण ऐन बमोजिम दायर भएको मुद्दा मुलुकी फौजदारी कार्यविधि संहितामा उल्लेख भएको कार्यविधि अनुरूप फिर्ता लिन सकिने' व्यवस्था अध्यादेशमा गरिएको हो ।

राजस्व अनुसन्धान विभागले चैत २०८० मा मूल्य अभिवृद्धि कर (भ्याट) ऐनको गलत व्याख्या गर्दै कोटिभिटी नेपाल प्रालिमाथि मुद्दा दायर गरेपछि त्यसको सर्वत्र विरोध भएको थियो । संसार भरि नै कुनै पनि वस्तु वा सेवा निर्यातमा भ्याट लाग्दैन । तर, सूचना प्रविधि (आईटी) सेवा शतप्रतिशत निर्यात गर्ने कोटिभिटी नेपालले भ्याट नतिरी कर छली गरेको भन्दै विभागले बिगो र जरिवाना सहित साढे १० अर्ब बराबरको मुद्दा दायर गरेको थियो ।

आईटी इन्जिनियर लगायत ६ सय २० जनालाई प्रत्यक्ष रोजगारी दिइरहेको नेपालकै ठूलो आईटी कम्पनीले गरेको निर्यातलाई कानुन विपरीत हुने गरी राजस्व छलीको मुद्दा हालेपछि आईटी क्षेत्र अहिले पनि आतंकित बनिरहेको छ ।

निजी क्षेत्रले मात्र होइन, कर प्रशासनले नै यो मुद्दामा गलत भएको भन्दै सच्याउन आग्रह गरेका थिए । त्यही बेला तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र अर्थमन्त्री वर्षमान पुनले कोटिभिटीमाथिको मुद्दा फिर्ता लिनेबारे छलफल गरेका थिए ।

तर, कानुनमा राजस्व चुहावट मुद्दा फिर्ता लिन नमिल्ने भए पनि त्यो मुद्दा अहिले पनि उच्च अदालतमा चलिरहेको छ । तत्कालीन अर्थमन्त्री पुनले बजेटमार्फत उक्त समस्या समाधान गर्ने आश्वासन आईटी उद्यमीहरूलाई दिए पनि त्यसो गरेनन् । यसरी कानुनकै अपव्याख्या गरी दायर गरिएका मुद्दा फिर्तालाई सहजीकरण गर्ने गरी कानुनमा संशोधन गरिएको प्रधानमन्त्री कार्यालय स्रोतले संचारकर्मीलाई बतायो ।

**मुद्दा नचल्न पनि सक्ने**

जानाजान वा बदनियतपूर्वक राजस्व छल्ने नियतले कुनै कार्य गरेकोमा बाहेक सम्बन्धित व्यक्तिले बिगो तथा जरिवाना रकम भुक्तानी गरेकोमा मुद्दा नचलाउने निर्णय गर्न सक्ने व्यवस्था पनि राजस्व अनुसन्धान नियन्त्रण ऐनमा राख्ने प्रस्ताव गरिएको छ । साथै, अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा समेत बिगो एवं आकर्षित हुने ब्याज रकम भुक्तानी गरेकोमा मिलापत्र हुन सक्ने व्यवस्था पनि गरिएको छ ।

यसका साथै मुद्दा फैसला भइसकेपछि पनि बिगो र जरिवाना तिरी मिलापत्र हुन सक्ने र कैद भएको छ भने त्यसरी मिलापत्र भएकोमा त्यसको लगत कट्टा हुने व्यवस्था पनि गरिएको छ ।

(स्रोत: अनलाइनखबर)

# दिव्याको अनुभव: 'स्टार किड्स भएपछि इन्डस्ट्रीमा छिर्न सजिलो, काम प्रमाणित गर्न गाह्रो'

काठमाडौं/अभिनेता दीलिप रायमाझीकी छोरीको पहिचान बोकेर अमेरिकाबाट अभिनेत्री बन्न नेपाल फर्किएकी दिव्या रायमाझीलाई फिल्ममा भित्रन कुनै संघर्ष गर्नुपरेन । उनलाई लिन मेकरहरुबीच नै हानाथाप चल्यो । उनी अमेरिकामै हुँदा फिल्म 'बरिष्ठ बलराम'मा काम गर्ने टुंगो लागेको थियो । तर, यो फिल्म निर्माण नभएपछि उनी 'एक्टर: टेक वान'मा जोडिइन् । यसपछि 'पिताम्बर'मा काम गरिन् ।

अहिलेसम्म दिव्याले जति फिल्म पाएकी छन्, त्यो उनकै पिताको नामको देन हो । उनको कामको त मुल्यांकन नै भइसकेको छैन । यसैले अब 'एक्टर' र 'पिताम्बर'बाट उनलाई आफ्नै पहिचान बनाउनुपर्ने चुनौती छ । र, उनले के बुझिसकेकी छन् भने पिताको नामका कारण इन्डस्ट्रीमा छिर्न जति सजिलो भयो, अब आफ्नो काम प्रमाणित गर्न त्यति सजिलो छैन ।

सोमबार 'पिताम्बर'को टिजर रिलिज कार्यक्रममा उनले भनिन्, 'फिल्म क्षेत्रमा ड्याडीको योगदानले गर्दा मलाई अरुभन्दा इन्डस्ट्रीमा छिर्न अलि सजिलो भयो होला । तर, स्टार किड्सको रुपमा इन्डस्ट्रीमा छिर्न सजिलो भए पनि यहाँ काम प्रमाणित गर्न एकदमै गाह्रो हुने रहेछ । धेरै तुलना पनि गरिन्छ । यसैले सय प्रतिशत मात्र होइन, दुई सय प्रतिशत दिनुपर्ने हुन्छ । त्यो राम्रो पनि हो ।'



'एक्टर' र 'पिताम्बर' दुवै फिल्ममा दिव्याको जोडी अभिनेता प्रदीप खड्कासँग बाँधिएको छ । जसले गर्दा उनीहरुको एकअर्कासँग नाम पनि जोडिन थालेको छ । तर, दिव्या यसलाई प्रदीपसँग आफ्नो केमेस्ट्री रुचाइएको रुपमा लिन्छिन् । र, संसारको जुनसुकै इन्डस्ट्रीमा पनि कलाकारको सम्बन्धलाई लिएर गसिप आउने भएकाले यसलाई आफूले सामान्य रुपमा लिएको उनको भनाइ छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# सोलिड्यारिटीको ३२ औं वार्षिकोत्सवमा पत्रकार आचार्य सम्मानीत

साझाकुरा संवाददाता

हेटौंडा, २९ पुस/हेटौंडा उपमहानगरपालिका-१० स्थित सोलिड्यारिटी ईन्टरनेसनल एकेडेमीको ३२ औं वार्षिकोत्सव सोमबार सम्पन्न भएको छ । एकेडेमीले वार्षिकोत्सवमा सांस्कृतिक कार्यक्रम, शैक्षिक प्रदर्शनी, सम्मान तथा पुरस्कार वितरण गरेको हो ।

विद्यालयका संस्थापक अध्यक्ष ऋषिराम आचार्यले ग्रामीण क्षेत्रका बिपन्न बर्गका बालबालिकालाई होस्टेलमा राखेर नि:शुल्क शिक्षा दिने काम पनि गरिएको बताए । निजी क्षेत्रबाट शैक्षिक संस्था उत्कृष्ठ रुपमा संचालन गर्न निकै चुनौतीपूर्ण रहेको भन्दै आचार्यले मकवानपुरको क बर्गको विद्यालय बनाउन सफल भएको बताए । हेटौंडा उपमहानगर पालिका-१० नम्बरका वडाअध्यक्ष फुर्वादोर्जे लामाको प्रमुख आतिथ्यतामा, नेपाल पत्रकार महासंघ बागमती प्रदेश अध्यक्ष कृष्ण सारुमगरको बिशिष्ठ आतिथ्यतामा कार्यक्रम भएको थियो ।

कार्यक्रममा बालबालिकाले विभिन्न सांस्कृतिक प्रस्तुति गरेका थिए । नर्सरीदेखि कक्षा २ सम्मका करिब ५सय बालबालिकाले स्टेचमा आफ्नो प्रस्तुती दिएका थिए । कक्षा २ भन्दा माथिका विद्यार्थीमध्यबाट छनोट गरिएको तर, साना कक्षाका सबै नानीबाबुलाई मञ्चमा उतारिएको विद्यालयका सहायक प्रधानाध्यापक स्यामकृष्ण ज्ञवालीले जानकारी दिए । कार्यक्रममा उत्कृष्ट शिक्षक, विद्यार्थीलाई सम्मानीत गरिएको थियो ।

विद्यालयको बिभिन्न गतिबिधिलाई स्थानीय तथा राष्ट्रिय मिडियामा समाचार संप्रेषण गरी उल्लेखनीय सहयोग पुऱ्याएको भन्दै नेपाल पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष भानुभक्त आचार्यलाई नगद १० हजार रुपैयाँसहित 'सोलिड्यारिटी शैक्षिक पत्रकारिता सम्मान २०८१' बाट सम्मानीत गरिएको थियो । विद्यालयका संस्थापक अध्यक्ष आचार्य, प्रधानाध्यापक रीना आचार्य, प्रमुख अतिथि वडाअध्यक्ष लामालगायतले सम्मान गरेका हुन् ।

उत्कृष्ठ वर्षशिक्षक धीरज लामा र शीतल रिसाललाई एक ग्रेडबृद्धिसहित सम्मानीत गरिएको थियो । त्यस्तै उत्कृष्ठ विषयशिक्षक उत्तमप्रसाद उप्रेती, तृष्णा बज्राचार्य, देवकी रिमाललाई नगदसहित सम्मानीत गरिएको थियो । वर्ष उत्कृष्ठ विद्यार्थी सचिन यादव सहित अनुशासित, सफासुग्गर विद्यार्थी र तिनका अभिभावक सम्मानीत भएका थिए ।

# बकैया कांग्रेसका पूर्ववडाअध्यक्ष माओवादीमा प्रबेश

साझाकुरा संवाददाता

हेटौंडा, २९ पुस/नेपाली कांग्रेसका नेता एवम् बकैया गाउपालिका-५ का पूर्ववडाअध्यक्ष शेरमान घलान र नेपाली कांग्रेसका स्थानीय नेता धनबहादुर वाइबा (मिलन) नेकपा (माओवादी केन्द्र)मा प्रवेश गरेका छन् ।

लामो समय नेपाली कांग्रेसमा क्रियाशील घलान र वाईबा सोमबार एक कार्यक्रमबीच माओवादी केन्द्रमा प्रवेश गरेका हुन् । कांग्रेसको सिद्धान्त र बिचार राम्रो भएता पनि माओवादी केन्द्रको बिचार र सिद्धान्त देशको लागि उपयुक्त भएकोले आफू माओवादी केन्द्रमा प्रवेश गरेको घलानले बताए । घलान र वाईबालाई पार्टीमा स्वागत गर्दै नेकपा (माओवादी केन्द्र) का केन्द्रीय सदस्य एवम् बागमती प्रदेश सामाजिक विकास पूर्वमन्त्री कुमारी मोक्तानले संघीय गणतन्त्र स्थापनाको लागि सबैको योगदान महत्वपूर्ण भएको र यसलाई संस्थागत गर्नको लागि माओवादी केन्द्रमा एकताबद्ध हुने क्रममा बृद्धि भएको बताइन् ।

जनताको सेवा गर्ने पार्टी माओवादी भएको बताउँदै समाज रुपान्तरणको लागि माओवादी केन्द्रको अभियानमा सहभागी हुन मोक्तानले सबैलाई अनुरोध समेत गरिन् । नेकपा (माओवादी केन्द्र) बकैया गाउँ कमिटी अध्यक्ष बिमल नेपालको अध्यक्षतामा भएको पार्टी प्रवेश कार्यक्रममा माओवादी केन्द्र बागमती प्रदेश समिति उपाध्यक्ष एवम् बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, प्रदेश कमिटी सचिवालय सदस्य शुभरत्न गोले, लक्ष्मी पाखिन, प्रदेश समिति सदस्य जीवन गोले, लक्ष्मी माझी, जिल्ला समन्वय समिति सदस्य लोकनाथ गौतम्, प्रकाश थोकर, सुवोध घलान, नवराज चौलागाई, प्रेस सेन्टर नेपालका केन्द्रीय सदस्य एवम् मकवानपुर ईन्चार्ज ध्रुवराज ढकाल, अखिल (क्रान्तिकारी) मकवानपुर अध्यक्ष बुद्धराज अर्याल लगायतको उपस्थिति रहेको थियो ।

# सुनगाभा बहुउद्देश्यीय सहकारीको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २९ पुस/ हेटौंडा-६ चौघडामा रहेको सुनगाभा बहुउद्देश्यीय सहकारी संस्थाको २२ औ वार्षिक साधारणसभा सोमवार सम्पन्न भएको छ ।

हेटौडा ६ का वडाअध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता एवम् सहकारीका अध्यक्ष रामहरि न्यौपानेको सभाध्यक्षतामा साधारणसभा भएको हो । साधारणसभामा अध्यक्ष न्यौपानेले संस्थागत प्रतिवेदन, प्रवन्ध सञ्चालक रामहरि चौलागाईले चालू आव २०८१/८२ को लागि १० करोड १९ लाखको अनुमानित आयब्यय विवरण र लेखा सुपरीवेक्षण समितिका संयोजक कुमारमणि दाहालले लेखासमितिको प्रतिवेदन पेश गरेका थिए । साधारणसभामा हेटौंडा-६ का वडासदस्य मुना विक, लेखराज ढकाल, संस्थाका संस्थापक अध्यक्ष बासुदेव अधिकारी, हेटौंडा-६ का निवर्तमान वडाअध्यक्ष अर्जुनप्रसाद चौलागाई, राष्ट्रिय सहकारी बैंक हेटौंडा शाखाप्रमुख रामेश्वर अर्याल, जनकल्याण सहकारीका अध्यक्ष हिमाल पौडेल, कामधेनु बहुउद्देश्यीय सहकारीका अध्यक्ष उदय बिडारी, नौलोविहानी कृषि सहकारीका अध्यक्ष विष्णुप्रसाद ढुंगाना, मकवानपुर उद्योग वाणिज्य संघ, बस्तुगत सचिव नेत्रप्रसाद खतिवडा, बंशगोपाल दुग्ध उत्पादक सहकारीका उपाध्यक्ष केशव धिताल, सञ्चारकर्मी रुपेश दुलाल, शेयरसदस्य, शिक्षक शिक्षिका, कर्मचारी लगायतको उपस्थिति थियो ।

## यातायात व्यवसायी उपभोक्ता सहकारी संस्था लि.को
## १६ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८१।१०।०१*

यस संस्थाको मिति २०८१।०९।१५ गते बसेको कार्यसमितिको नवौं वैठकको निर्णय अनुसार संस्थाको सोह्रौ वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णयका लागि २०८१।१०।०५ गते शनिबार बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ । तत् सम्बन्धी सूचना पठाइसकिएको छ यदी पाउनु नभएको भए यसै सूचनालाई आधार मानी अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

**वार्षिक साधारण सभा हुने:**
**मिति:** २०८१ माघ ५ गते शनिबार
**समय:** बिहान: १०:३० बजेदेखि
**स्थान:** दर्शन पार्टी प्यालेस, हेटौंडा

**छलफल तथा निर्णयका लागि निर्धारित प्रस्तावहरु :**
१. सचिवको प्रतिवेदन सम्बन्धमा ।
२. आ.व. २०८०/८१ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
३. लेखा समिति प्रतिवेदन सम्बन्धमा ।
४. माइन्युट प्रमाणित प्रतिनिधि चयन सम्बन्धमा ।
५. कारोबार नगरी बाँकी राखेको बक्यौता शेयरमा मिलान गर्ने सम्बन्धमा ।
६. विविध

देवनाथ लामिछाने
सचिव
**यातायात व्यवसायी उपभोक्ता सहकारी संस्था लि.**
हेटौंडा-१०, मकवानपुर

---

कृषि तथा वन विज्ञान विश्वविद्यालय
## वन विज्ञान संकाय, हेटौडा
### M.Sc. Forestry मा विद्यार्थी भर्ना सम्बन्धी सूचना

यस संकाय अन्तर्गत शैक्षिक सत्र २०८१-२०८३ को लागि **M.Sc. Forestry** मा नयाँ विद्यार्थी भर्ना फाराम यहि मिति २०८१/०९/२१ गतेदेखि Online खुल्ला गरिएको छ। प्रवेश परीक्षा सम्बन्धी अन्य जानकारी पछि प्रकाशन गरिनेछ । आवश्यक सम्पूर्ण जानकारीको लागि यस विश्वविद्यालयको Website: https://sis.afu.edu.np मा हेर्न तथा फोन नं. ०५७-५२३२४८ मा सम्पर्क गर्न सकिनेछ ।

**डीन**

---

## पालुङ्ग बहुउद्देश्यीय सहकारी सस्था लि.
PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD
पालुङ, मकवानपुर
Palung, Makawanpur

### तपशिलका ऋणीलाई कर्जा भुक्तानी गर्ने ३५ दिने सार्वजनिक सूचना

*प्रकाशित मिति : २०८१/१०/०१*

यस सहकारी संस्थाबाट तपशिलका ऋणीहरुलाई तपशिलमा उल्लेख भएबमोजिमको कर्जा सम्झौताको शर्त तथा तालिकाअनुसार बुझाउनु पर्ने सावाँ ब्याज रकम संस्थाले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिंदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस दिन) भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना आदि समेत) चुक्ता भुक्तानी गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कर्जा सम्बन्धि सम्झौताका शर्त, लिखत तथा प्रचलित नेपाल कानूनबमोजिम कर्जा असुल्ने क्रममा तपाईले धितो बन्धक स्वरुप यस संस्थामा सुरक्षण राखिदिएको तपशिल बमोजिमको सम्पत्ति बेचबिखन गरी कर्जा रकम असुलउपर गरी लिइनेछ । सोबाट समेत असुलउपर हुनुपर्ने सम्पूर्ण रकम असुलउपर हुन नसकेमा प्रचलित कानूनअनुसार तपाई ऋणीको अन्य चलअचल सम्पत्ति, जायजेथा समेतबाट संस्थाले आफ्नो लेना रकम असुलउपर गरि लिनेछ । उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्चसमेत तपाई ऋणीबाट नै भराई लिईनेछ । तपाई ऋणीबाट सम्पूर्ण रकम असुलउपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षणबापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । अन्यथा सोहीअनुसार भै जाने व्यहोरा समेत सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपशिल**

| क्र.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम :** किशोर बर्तौला<br>बाबुको नाम : बिष्णु प्रसाद बर्तौला<br>बाजेकोको नाम : चेतनाथ बर्तौलाा<br>ना.प्र.प.नं. २९।११४७<br>जारी मिति: २०५९।३।१७<br>ठेगाना: हाडिखोला-९, मकवानपुर<br>हाल: हेटौंडा-५, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम :** टिका पोखेल<br>बाबुको नाम : रामचन्द्र पोखेल<br>बाजेकोको नाम : कृष्णकाजी पोखेल<br>पतिको नाम : किशोर बर्तौला<br>ना.प्र.प.नं. १९६।०४४<br>जारी मिति: २०६०।०३।१३<br>ठेगाना: हाडिखोला-९, मकवानपुर | <br> | टिका पोखेलको नाउँमा मालपोत कार्यालय हेटौंडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला हेटौंडा नगरपालिका वार्ड नं ५ स्थित कि.नं. १७३०३ को क्षेत्रफल ०-०-८-० (बिघा ) को जग्गा । |

---




**श्री प्रमोदसिंह रानाभाट**
(अध्यक्ष)


**श्री राजु अधिकारी**
उपाध्यक्ष (वाणिज्यतर्फ)


**श्री दिपक उप्रेती**
उपाध्यक्ष (उद्योगतर्फ)


**श्री उज्जवल चौलागाई**
उपाध्यक्ष (एशोशिएटतर्फ)


**श्री काव्यमणि अधिकारी**
उपाध्यक्ष (वस्तुगततर्फ)


**श्री प्रतिमा श्रेष्ठ**
महासचिव


**श्री तेजराज अधिकारी**
कोषाध्यक्ष


**श्री निलम वैद्य**
सह-कोषाध्यक्ष


**श्री कुलप्रसाद चौलागाई**
सचिव

मकवानपुर उद्योग वाणिज्य संघको शनिबार सम्पन्न अधिवेशनबाट निर्वाचित सम्पूर्ण पदाधिकारी तथा सदस्यज्यूहरुमा हार्दिक बधाई एवम् कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**राजेन्द्रप्रसाद चौलागाई**
**(महासचिव)**
**एवम्**
**बालगोपाल कँडेल**
**(अध्यक्ष)**

## निर्माण व्यवसायी संघ मकवानपुर, परिवार
**हेटौंडा, मकवानपुर**

---

## पालुङ्ग बहुउद्देश्यीय सहकारी सस्था लि.
PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD
पालुङ, मकवानपुर
Palung, Makawanpur

### धितो सुरक्षणमा रहेको सम्पत्तिहरु लिलाम बिक्रीसम्वन्धी १५ दिने सूचना

*प्रकाशित मिति : २०८१/१०/०१*

यस सहकारीबाट ऋण/कर्जा लिनुहुने तपशिलको ऋणीले लिएको ऋण कर्जाको साँवा, व्याज र अन्य दस्तुर संस्थासँगको शर्त कबुलियतबमोजिम समय समयमा संस्थालाई तिर्न बुझाउनलिखितएवं मौखिक तर ताकेता गर्नुको साथै राष्ट्रिय दैनिक पत्रपत्रिकामार्फत ऋण/कर्जा चुक्ता गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सो को बेवास्ता गरी संस्थालाई तिर्न बुझाउन पर्ने रकम बुझाउन नआएकोले कर्जा लिँदाको बखत सुरक्षणमा लेखिदिएको तपशिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, सोहीअवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

संस्थाको कर्जा सुरक्षणस्वरुप रहेको तपशिलमा उल्लेखित चलअचल सम्पत्ति (जग्गा) लिन इच्छुक महानुभावहरुवाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस संस्थाको हेटौंडा सेवा केन्द्र हेटौंडा उपमाहानगरपालिका वार्ड नं.४ मकवानपुरमा आई पुग्ने गरि गोप्य शिलबन्धि बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ । तोकिएको समयभित्र संस्था समक्ष प्राप्त बोलपत्रहरु मिति २०८१।१०।१५ गते, दिनको ठिक ४:०० बजे संस्थाको हेटौंडा सेवा केन्द्र हेटौंडा उपमहानगरपालिका वार्ड नं. ४ खोलिनेछ । उक्तदिन समयमा उपस्थित हुनुहुन बोलपत्रवालाहरु साथै कर्जा सुरक्षणबापत संस्थाको नाममा जग्गा रोक्का गरिदिनु हुने धितो धनी तथा ऋणसँग सम्बन्धित सम्पूर्ण पक्षहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं । बोलपत्र फारम संस्थाको हेटौंडा सेवा केन्द्र कार्यालयबाट रु ५०० (फिर्ता नहुनेगरी) तिरी खरिद गर्न सकिनेछ । बोलपत्रका साथ लिलाम सकार्न कवुल गरेको कुलअंकको १० प्रतिशत धरौटीबापत जम्मा गर्नुपर्ने छ । बोलपत्रको सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । लिलाम बिक्री हुन लागेको सम्पत्तिको विस्तृत विवरण बुझ्न चाहेमा यस संस्थाको प्रधान कार्यालय थानाबजार मकवानपुरमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**तपशिल**

| क्र.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम :** आषिशकुश्वार माझी<br>बाबुको नाम : जनकबहादुर माझी<br>हजुरबुबाको नाम: कानबहादुर माझी<br>ना.प्र.प.नं. ३११००५।८९५७८<br>जारी मिति: २०६८।०७।२५<br>ठेगाना:: छुतिवन-९, मकवानपुर<br>(हाल हेटौंडा-५, मकवानपुर) |  | आषिशकुश्वार माझीको नाउँमा मालपोत कार्यालय हेटौंडा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला हटिया गा.वि.स वार्ड नं ८ स्थित कि.नं. ४३६६/४३७५ को क्षेत्रफल ०-१-१०-०/०-३-१२-० (बिघा)को जग्गा । |
| २ | **नाम :** कुमार सिं लामा<br>बाजेको नाम: रामबहादुर बल<br>बाबुको नाम: मानबहादुर बल<br>ना.प्र.प.नं. २४३६३<br>जारी मिति: २०४९।१२।०४<br>ठेगाना: हाडिखोला-३, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम :** मानबहादुर बल<br>बाबुको नाम : रामबहादुर बल<br>बाजेकोको नाम : लालबहादुर बल<br>ना.प्र.प.नं. १४२<br>जारी मिति: २०३३/०७/०२<br>ठेगाना: हाडिखोला-३, मकवानपुर |  | मानबहादुर बलको नाउँमा मालपोत कार्यालय हेटौंडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला हाडिखोला गा.वि.स वार्ड नं ३ स्थित कि.नं. १०९३ को क्षेत्रफल ०-८-८.२५-० (बिघा)को जग्गा । |
| ३ | **नाम :** मदन प्रसाद बर्तौला<br>बाबुको नाम : चेतनाथ बर्तौला<br>हजुरबुबाको नाम : हिरालाल बर्तौला<br>ना.प्र.प.नं. २३५४३<br>जारी मिति: २०४९।०९।०३<br>ठेगाना: भिमफेदी-९, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम :** सन्देश बर्तौला<br>बाबुको नाम : मदन प्रसाद बर्तौला<br>बाजेकोको नाम : चेतनाथ बर्तौला<br>ना.प्र.प.नं. ३१-०१-७७-०१७६१<br>जारी मिति: २०७७/०७/१८<br>ठेगाना: भिमफेदी-९, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम :** किशोर बर्तौला<br>बाबुको नाम : बिष्णु प्रसाद बर्तौला<br>बाजेकोको नाम : चेतनाथ बर्तौला<br>ना.प्र.प.नं. ३१-०१-७७-०१७६१<br>जारी मिति: २०७७/०७/१८<br>ठेगाना: हाडिखोल-९, मकवानपुर |  | मदनप्रसाद बर्तौलाको नाउँमा मालपोत कार्यालय हेटौंडा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला बसामाडी गा.वि.स वार्ड नं ३ स्थित कि.नं. ५०६९ को क्षेत्रफल ०-०-११.२५-० (बिघा)को जग्गा । |
| ४ | **नाम :** विजय गुप्ता कानु<br>बाबुको नाम : नवल प्रसाद गुप्ता<br>हजुरबुबाको नाम : अजोधा साह<br>ना.प्र.प.नं. ३३३०५५।६६०<br>जारी मिति: २०६३।१२।०९<br>ठेगाना: हेटौंडा-४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम :** लक्ष्मी देवीकानु<br>बाबुको नाम : प्रभु शरण साह<br>पतिको नाम: विजय गुप्ता कानु<br>ससुराको नाम : नवल प्रसाद गुप्ता<br>ना.प्र.प.नं. ३३१०५५।४६५१<br>जारी मिति: २०७०/०४/०९ | <br> | लक्ष्मी देवीकानुको नाउँमा मालपोत कार्यालय हेटौंडा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स वार्ड नं १ स्थित कि.नं. ४१५९ को क्षेत्रफल ०-०-११-० (बिघा) र मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स वार्ड नं ४ स्थित कि.नं. २७२१ को क्षेत्रफल ०-०-८-० (बिघा)को जग्गा । |
| ५ | **नाम :** सचिन लामा<br>बाबुको नाम : बलरामबज्यु<br>हजुरबुबाको नाम : जमान सिं बज्यु<br>ना.प्र.प.नं. ३११०१५।७६५५७<br>जारी मिति: २०६७।०७।२४<br>ठेगाना: हेटौंडा १५, मकवानपुर<br>(साविक चरियामाई-३, मकवानपुर)<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम :** कमला लामिछाने<br>बाबुकोनाम : हरिराम लामिछाने<br>पतिको नाम: सचिन लामा<br>ससुराको नाम : बलराम बज्यु<br>ना.प्र.प.नं. २७१०२८।८९५१८<br>जारी मिति: २०६८/०९/१९<br>**नाम :** हरि बहादुर गोपाली<br>बाबुको नाम : सुर्य बहादुर गोपाली<br>हजुरबुबाको नाम : शक्तविर गोपाली<br>ना.प्र.प.नं. २७१०२८।८९५१८<br>जारी मिति: २०६८/०९/१९ | <br> | सचिन लामाको नाउँमा मालपोत कार्यालय हेटौंडा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स वार्ड नं १ स्थित कि.नं. ३०३२ को क्षेत्रफल ०-०-१०-० (बिघा)को जग्गा । |

**सम्पर्क:**
**पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड** को
प्रधानकार्यालय, थाहानगरपालिका वडा नं ४, थानाबजार, मकवानपुर
फोन नं: ०५७-४००००५, ०५७-४००००६, ५२३९४६

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना